का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक १६४
❒ १५ साउन २०७८, शुक्रबार
❒ 30 July 2021, Friday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily
राष्ट्रिय दैनिक



काठमाडौंको सिभिल अस्पतालमा कोरोनाविरुद्धको भेरोसेल खोप लगाउन लामबद्ध सर्वसाधारण । तस्बिर : चन्द्रकला क्षेत्री, रासस

## कति आयो खोप ?

"कोरोना विरुद्धको खोपलाई प्राथमिकतामा राख्ने प्रतिबद्धता जनाएका प्रधानमन्त्री शेरबहादुर देउवा स्वास्थ्य राज्यमन्त्री नियुक्तिसँगै आलोचित बनेका छन् । तर सरकारी अधिकारीहरुले भने आवश्यक मात्रामा खोप आइरहेको दावी गरेका छन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १४ साउन ।

सर्वोच्च अदालतको परमादेशसँगै गठबन्धनको नेतृत्व गर्दै प्रधानमन्त्री बनेका शेरबहादुर देउवाले आगामी चैतभित्र सबै नागरिकलाई कोरोना विरुद्धको खोप लगाउने लक्ष्य लिएका छन् । असोजभित्रै एक तिहाइ जनताले कोरोना विरुद्धको खोप पाउने प्रधानमन्त्री देउवाको घोषणा छ । यो रिपोर्टमा नेपालमा कति खोप आए र कति आउन बाँकी छ भन्ने तथ्य प्रस्तुत गरेका छौं ।

गएको २३ माघ देखि नेपालमा कोरोना विरुद्धको खोप वितरण शुरू भएको छ। तर खोप वितरण सहज बनिरहेको छैन । राजधानी उपत्यकामै पनि खोप पाउन सहज छैन । राजधानीस्थित अस्पतालहरुमा खोप लगाउनेको लामो भीड देखिने गरेको छ ।

तर सरकारी अधिकारीहरुले भने पर्याप्त मात्रामा खोप आइसकेको दावीगरिरहेका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका स्वास्थ्यसेवा विभाग अन्तर्गत परिवार महाशाखाका निर्देशक डा तारानाथ पोखरेल अहिलेसम्म नेपालमा ९७ लाख ८२ हजार ८५० मात्रा खोप आइसकेको बताउँछन् ।

उनका अनुसार, कोभिशिल्ड २४ लाख ४८ हजार, भेरोसेल ५८ लाख र जोन्सन एण्ड जोन्सन १५ लाख ३४ हजार ८५० मात्रा खोप नेपाल आइसकेको छ । ती मध्ये कोभ्याक्स सुविधा मार्फत भारतबाट कोभिशिल्ड तीन लाख ४८ हजार र अमेरिकाबाट जोन्सन एण्ड जोन्सन १५ लाख ३४ हजार ८५० मात्रा, वैदेशिक अनुदानबाट २९ लाख मात्रा, चीनबाट १८ लाख मात्रा र भारतबाट ११ लाख मात्रा खोप आएको छ ।

सरकारले खरीद गरेको ५० लाख मात्रा आएको छ। भारतबाट कोभिशिल्ड १० लाख मात्रा र चीनबाट भेरोसेल ४० लाख मात्रा आएको छ । अझ खोप आउने क्रम जारी रहेको पनि सरकारी अधिकारीहरुले दावी गरेका छन् । चीनबाट अनुदानमा १६ लाख मात्रा र खरीद गरिने ६० लाख भेरोसेल खोप आगामी भदौभित्र आउनेछ ।

यस्तै भारतबाट खरीद गरिएको कोभिशिल्ड खोपको १० लाख मात्रा भदौ पहिलो साता नेपाल आइपुग्नेछ । वैदेशिक अनुदानबाट चीन सरकारबाटै साउन मसान्तभित्र भेरोसेल खोपको १६ लाख मात्रा, कोभ्याक्स कार्यक्रममार्फत जापानबाट एष्ट्राजेनिका १६ लाख मात्रा भदौ पहिलो साता आउनेछ । कोभ्याक्समार्फत नै तीन लाख ३८ हजार मात्रा थप खोप नेपाल आउने तालिका छ ।

कोभ्याक्समार्फत लागत सहभागितामा कोभिशिल्ड, मोर्डना, फाइजर, जोन्सन एण्ड जोन्सन र सिनोभ्याक गरी करीब एक करोड ५० लाख मात्रा तथा बालबालिकाका लागि ६० लाख मात्रा फाइजर खोप ल्याइने सरकारी अधिकारीहरुले बताएका छन्। बालबालिका लागि लगाउने खोप खरीदको प्रक्रिया शुरु गरिएको बताइएको छ ।

सरकारको आगामी असोज मसान्तसम्म एक करोड पाँच लाख ४८ हजार खोप ल्याउने र असोजदेखि चैतसम्म नेपालमा थप तीन करोड २३ लाख मात्रा खोप आउँदैछ । सरकारले असोज मसान्तभित्रमा खोप लगाउने लक्ष्य बाँकी पृष्ठ २ मा

### अध्ययन समितिको रिपोर्ट

## न्यायाधीश नियुक्तिमै समस्या

न्यायालयमा हुने अनियमितता, विकृति र भ्रष्टाचारबारे अध्ययन गर्न गठित समितिले प्रतिवेदन तयार पारेको छ । उक्त प्रतिवेदनले न्यायालयमा न्यायाधीश नियुक्तिबाटै समस्या शुरु हुने उल्लेख गरेको छ ।




**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ साउन ।

न्यायपालिकाको समस्याबारे अध्ययन गर्न गठित समितिले प्रतिवेदन बुझाएको छ । सर्वोच्च अदालतका न्यायाधीश हरिकृष्ण कार्कीको संयोजकत्वमा अध्ययन गर्न गठित समितिले प्रतिवेदन तयार पारेको हो । उक्त प्रतिवेदन प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरालाई बुझाइएको छ । प्रतिवेदनमा न्यायपालिकाको विकृति, अनियमितता र भ्रष्टाचारबारे अध्यनन गरिएको छ ।

यो अध्ययन समिति प्रन्या जबराले गएको वर्ष २९ साउन २०७७ मा गठबन गरेका थिए । स्रोतका अनुसार, प्रतिवेदनले अदालतमा न्यायाधीश नियुक्तिमै समस्या हुने गरेको निष्कर्ष निकालेको छ । न्यायाधीश नियुक्तिमै समस्या रहेकाले न्यायिक क्षेत्रको नेतृत्वले चाहेर मात्रै सुधार गर्न नसकिने निष्कर्ष समेत निकालिएको छ ।

प्रतिवेदन अनुसार, न्यायाधीश नियुक्ति देखि पेशी व्यवस्थापनसम्म विचौलियाको चलखेल हुने समस्या देखिएको छ । "न्यायालयमा हुने विकृति, विसंगति, अनियमितता र भ्रष्टाचार रोकथाम गर्न चाल्नुपर्ने उपायहरु समेत प्रस्तुत गरिएको छ", स्रोतले भन्यो । प्रतिवेदन अढाइ सय पृष्ठ लामो रहेको जनाइएको छ ।

"न्यायाधीशको सरुवा, काज, कारबाही जस्ता विषयमा समेत विचौलिया हाबी हुँदा भ्रष्टाचार बढेको पाइएको छ", स्रोतले भन्यो ।

उक्त प्रतिवेदन अनुसार न्यायाधीश नियुक्ति प्रक्रियामा आमूल सुधारको खाँचो औल्याइएको छ । न्याय क्षेत्रमा रहेको विचौलियाहरु पूर्णकालीन पेशेवार रहेको पनि देखिएको उल्लेख गरिएको छ । न्यायाधीशको नियुक्तिको सिफारिस न्याय परिषद्ले गर्ने र उक्त परिषद्ले कानूनले तोकेको मापदण्ड अपनाउनुपर्ने भएपनि त्यसो नभई मनोगत आधारमा सिफारिस हुने गरेको पाइएको प्रतिवेदनमा उल्लेख भएको स्रोतले जनाएको छ ।

यसरी नियुक्त हुने न्यायाधीश विवादित हुने गरेको उल्लेख गरिएको छ। यसरी गरिने नियुक्ति रोक्न सुझाव दिइएको छ । अझ न्यायाधीशको सरुवामा समेत विचौलिया हाबी भएको उल्लेख छ । "न्यायाधीशको सरुवा, काज, कारबाही जस्ता विषयमा समेत विचौलिया हाबी हुँदा भ्रष्टाचार बढेको पाइएको छ", स्रोतले भन्यो । बाँकी पृष्ठ २ मा

## कोरिया जाने प्रक्रिया सहज गराउन सरकारलाई निर्देशन

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ साउन

राष्ट्रियसभाको प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिले रोजगारीका लागि कोरिया जाने प्रक्रिया पूरा गरेकाहरुलाई रोजगार गन्तव्यमा जान प्रवन्ध गर्न सरकारलाई निर्देशन दिएको छ। रोजगार अनुमति प्रणाली (ईपीएस) अन्तर्गत भाषा र सीप परीक्षा उत्तीर्ण हजारौ युवाहरु सन् २०१९ मा कोरोना भाइरसको शुरुवात भएपछि रोजगारीका लागि दक्षिण कोरिया जान पाएका छैनन् ।

बिहीबार बसेको समिति बैठकले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव सुर्य प्रसाद गौतमसहित उच्च अधिकारी तया भाषा परीक्षा पास भई रोष्टरमा नाम चढी प्रतिक्षा सूचीमा रही रोजगारीमा जान नपाएका युवाहरुसँग छलफल गरी उक्त निर्देशन दिएको हो ।

कोरिया रोजगारी स्थगित हुँदा रोजगार अनुमति प्रणाली अन्तर्गत कोरियाली भाषा परीक्षा उत्तीर्ण गरेका झण्डै १० हजार युवा अन्योलमा छन् । भाषा परीक्षा उत्तीर्ण गरेको दुई वर्षसम्म रोस्टरमा नाम रहन्छ । यस अवधिमा रोजगारदाताको छनोटमा पर्न नसकेको खण्डमा कोरियामा रोजगारी पाइँदैन ।

समितिका सभापति रामनारायण बिडारीले कोभिड-१९ लाई मात्रै कारण बनाएर ती भाषा परीक्षा उत्तीर्ण गरेका युवालाई रोक्न नहुने भन्दै सरकारलाई निर्देशन दिएको बताए ।

सभापति बिडारीले पीडित युवाले रोजगारीमा जानका लागि सरोकारवाला श्रम मन्त्रालयदेखि विभिन्न मन्त्रालयमा धाउँदा पनि समस्याको समाधान नभएको उजुरी आफु समक्ष आएको भन्दै तत्काल तदारुकताका साथ काम गर्न पनि आग्रह गरे ।

समितिका सदस्य राधेश्याम अधिकारीले कोरियामा रहेको नेपाली दूतावासले योग्य युवाहरु लामो समयदेखि जान नपाएपनि उनीहरुलाई उचित पहल गर्न नसकेको भन्दै दूतावासको ध्यानाकर्षण गराउनु पर्ने सुझाव राखे । समितिका अर्का सदस्य डा. खिमलाल देवकोटाले पनि भाषा परीक्षा उत्तीर्ण गरेका योग्य युवाहरु स्वदेशमै पीडित हुन नहुने भन्दै यस विषयमा सम्बन्धित निकायका अधिकारीबाटै सक्रिय रुपमा पहल हुनुपर्ने बताए ।

श्रम मन्त्रालयका सचिव गौतमले दक्षिण कोरियासँगको सम्झौता अनुसार नेपाली कामदार लैजाने प्रक्रियामा रहेका भन्दै कोरोनाको बीमा गराएर क्वारेन्टिनमा बस्ने गरी सिधा हवाई सम्पर्कमार्फत पठाउन कोरियासँग आग्रह गरेको जानकारी दिए ।

कोरियाले पहिलो चरणको कोभिड नियन्त्रण गरेपछि केही देशबाट श्रमिक लैजान शुरु गरे पनि पछिल्लो समय पुनः रोकेको छ । नेपालसहित १६ वटा मलुकलाई विदेशी कामदार आपूर्ति गर्ने स्रोत मुलुकमा राखेको छ । नेपालसहित केही मुलुकका कामदार जान पाएका छैनन् । ६५ हजारभन्दा बढी नेपाली कार्यरत कोरिया नेपालमा रेमिट्यान्स आउने प्रमुखमध्ये पर्दछ ।




## खोप लगाएकालाई कुवेतमा अनुमति

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १४ साउन

खाडी मुलुक कुवेतले कोरोना भाइरस (कोभिड-१९) विरुद्धको खोप लगाएका विदेशीलाई आफ्नो देश प्रवेश दिने भएको छ। कुवेतले आगामी अगष्ट पहिलो तारेखदेखि प्रवेश अनुमति दिने बताएको हो । कुवेतले फाइजर, एष्ट्राजेनेका, मोडर्ना खोपका दुई डोज र जोन्सन एन्ड जोन्सनको एक डोज खोप लगाएकालाई प्रवेशमा अनुमति दिने निर्णय गरेको हो ।

कुवेतले अन्य मुलुकमा जस्तै आफ्नो मुलुकमा प्रवेश गर्नेलाई ७२ घण्टा अवधिको पीसीआर रिपोर्ट अनिवार्य गरेको छ । कुवेतले विदेशीलाई आफ्नो मुलुक प्रवेश गरेपछि ७ दिनसम्म होम क्वारेन्टिनमा बसी अनिवार्य कोरोनाको पीसीआर टेष्ट गराउनु पर्छ । कोरोना परीक्षणको रिपोर्ट नेगेटिभ आए क्वारेन्टिनमा बस्नु नपर्ने नियम छ।

यसैबीच कुवेतमा सवारी दुर्घटनामा परी होम डेलिभरी सेवामा काम गर्दै आएका एक नेपाली युवाको सडक दुर्घटनामा मृत्यु भएको छ । मोटरसाइकलमा सवार रहका उनलाई स्थानीय रुमैथिया भन्ने ठाउँमा विपरीत दिशाबाट आएको गाडीले ठक्कर दिएको कुवेतका सञ्चारमाध्यमहरुले बताएका छन् । बाँकी पृष्ठ २ मा

## विवाद निरुपणको जिम्मा पदाधिकारीलाई

**समित श्रेष्ठ/मध्यान्ह**
**काठमाडौं, १४ साउन ।**

नेपाली काँग्रेसको क्रियाशील सदस्यता वितरणमा देखिएको बाँकी समस्या सुल्झाउने जिम्मा पदाधिकारीलाई नै दिइएको छ । छानबिन समितिले एक दिनको समय पाएपनि समस्या सुल्झाउन नसकेपछि पदाधिकारीलाई जिम्मा दिइएको हो । पाँच दिनको समय दिएर समस्या हल गर्ने जिम्मा दिइएको छ ।

बिहीबार बसेको पदाधिकारी तथा पूर्वपदाधिकारीको बैठकले बारा, सप्तरी, धनुषा-४, सर्लाही-२, रसुवा र सिन्धुपाल्चोकमा देखिएको समस्या हल गर्ने जिम्मा दिइएको छ। यो सँगै, काँग्रेसको महाधिवेशन निर्धारित समयमा नहुने संभावना बढेको छ। १६-१९ भदौमा निर्धारित महाधिवेशन यसअघि नै प्रभावित बनिसकेको छ। १२ साउनमा वडा अधिवेशन गरिनुपर्नेमा क्रियाशील सदस्यता वितरणमा समस्या देखिएकाले स्थगित गरिएको छ ।

अझ पनि पाँच दिन क्रियाशील सदस्यता वितरणको समस्यामै केन्द्रीत हुने देखिएको छ। कांग्रेसले क्रियाशील सदस्यताको सूचीमा केन्द्रीय सभापतिबाट हस्ताक्षर भई केन्द्रीय निर्वाचन समितिलाई बुझाउने अवधि गत असार ३० गतेभित्र तोकेको थियो । केही जिल्ला र क्षेत्रको विवादका कारण उक्त प्रतिवेदन आज १२ दिन ढिला गरी बुझाइएको छ। बाँकी पृष्ठ २ मा

**विज्ञापनको लागि मध्यान्हको इमेल परिवर्तन भएको सूचना ।**

मध्यान्ह राष्ट्रिय दैनिकमा विज्ञापन
प्रकाशनका लागि नयाँ इमेल:
ad.madhyanha@gmail.com मा
पठाउन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

मध्यान्ह राष्ट्रिय दैनिक
बागबजार, काठमाडौं
फोन नं.: 01-4228298, 4226366
मो. नं.: 9841885670

**प्राकृतिक विपत्ति न्यूनीकरणका लागि सामूहिक सचेतना जगाऔं**

- जथाभावि सडक निर्माण र वनविनाशले बाढी पहिरो निम्त्याउछ ।
- वृक्षरोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- विपत्ति आउनु अघि नै सजगता अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# परीक्षा दिन नपाउँदा निराश हुँदै फर्किए विद्यार्थी

**सुशीला रेग्मी/मध्यान्ह**
रामपुर (पाल्पा), १४ साउन

बिहीबार बिहान ७ बजेबाट सुरु हुने कक्षा ११ को परीक्षा दिन हतार हतार गरेर रामपुर नगरपालिका वडा नं ७ बस्ने सबिना राना रामतुलसी माविमा पुगिन्।

उनी परीक्षा सुरु हुने समय भन्दा आधा घण्टा अगावै विद्यालयको प्रवेशद्वार बाहिर परीक्षाको तयारीका साथ प्रश्न कस्ता प्रकारका आउँलान् ? भन्ने मनमा कौतुहलतामा थिइन्। पहिलो दिन अनिवार्य अंग्रेजी विषय भएको हुँदा आफुले पढेका प्रश्न आउँलान् कि ? कस्ता खालका प्रश्न आउँलान्, सबै प्रश्नको उत्तर दिन सकिएला नसकिएला यस्तै यस्तै मनभित्र करिव २० मिनेट कुरा खेलाउँदै विद्यालयको प्रवेशद्वार बाहिर बसि रहेकी थिइन्।

केहीबेरमा विद्यालयको प्रवेशद्धारमा शिक्षक आएर परीक्षा नहुने भन्ने जानकारी गराएपछि उनी निराश हुँदै घर फर्कन बाध्य भइन्।

'पहिलो दिन अंग्रेजी विषयको परीक्षा अरु विषय भन्दा दुःख हुने हुँदा तयारी राम्रै गरेर गरेको थिए, बिहानै घरबाट करिव आधा घण्टाको पैदल हिँडेर हतार हतारमा विद्यालय पुगे। परीक्षा नहुने खबर पाउँदा दुःख लाग्यो। परीक्षाका लागि धेरै समय खर्चेर तयारी गरेको थिए' उनले निराश हुँदै भनिन्।

परीक्षा दिँदा आफुलाई आवश्यक पर्ने सबै शैक्षिक सामग्रीका साथ सिर्जना रेग्मी पनि परिक्षा सुरु हुनु समय भन्दा आधा घण्टा अगावै विद्यालयमा पुगिन्। अंग्रेजी विषय भएकाले तयारीका साथ परीक्षा दिन उत्साहित हुँदै उनी विद्यालमा परीक्षाको समय पर्खेर बसिरहिन्। केही समय पछाडी परीक्षा हुन्न भन्ने खबर पाएपछि भने निराश हुँदै घरतर्फ लागिन्। उनी भन्छिन्, 'विद्यालयमा गएर पढ्न नपाएपनि घरमै बसेर तयारी राम्रै गरेको थिए, परिक्षा नै बन्द गरेर शिक्षक आन्दोलनमा उत्रदा हामी विद्यार्थीलाई असर पऱ्यो, स्थगित भएको परिक्षा कहिले हुने हो टुङ्गो छैन, विद्यार्थीको पढ्ने मनस्थिती नै खलबलियो।'

संयुक्त शिक्षक संघर्ष समिति पाल्पाले कोरोना बिरुद्धको खोप नलगाउँदा सम्मका लागि साउन १४ गतेदेखि जिल्लाभरका सबै शैक्षिक संस्थामा सञ्चालन भइरहेको सम्पूर्ण शैक्षिक गतिविधि बन्द गर्ने निर्णय गरेपछि तय भएको कक्षा ११ को परिक्षा पनि स्थगित भएको हो।

कोरोनाविरुद्ध खोप लगाउन सम्बन्धित निकायले शिक्षकलाई उपेक्षा गरेको र राज्यले तोकेको उमेर समुह बाहेक सबै शिक्षकलाई खोप उपलब्ध नहुँदा सम्म आन्दोलनमा उत्रने नेपाल शिक्षक महासंघ पाल्पाका अध्यक्ष धनकला गाहाले बताए।

'पाल्पा जिल्लामा पाँच हजार ७३१ शिक्षकमध्ये केहीले सरकारले तोकेको उमेर समुहमा परी कोरोना खोप लगाइसकेको भएपनि करिव चार हजार शिक्षकलाई खोप तत्काल आवश्यक परेको छ, कोरोनाविरुद्धको खोप सबै शिक्षकलाई व्यवस्था नभएसम्म पाल्पाका सबै विद्यालयको शैक्षिक गतिविधि बन्द रहनेछ' अध्यक्ष गाहाले भने।

संयुक्त संघर्ष समितिले शिक्षकले खोप नलगाउँदासम्म राष्ट्रिय परीक्षा बोर्डले सार्वजनिक गरेको कक्षा १२ को परीक्षा र विद्यालयले सञ्चालन गर्ने कक्षा ११ को परीक्षामा समेत सहभागी नहुने निर्णय गरी जिल्लाभरका विद्यालयलाई पत्राचार गरिसकेको छ।

नेपाल शिक्षक महासंघको नेतृत्वमा व्याब्सन, एन प्याब्सन सहित विभिन्न दश शिक्षक संघ संगठन लगायतले यस कार्यमा ऐक्यबद्धता जनाएर संघर्षमा निस्केका छन्।

बिहीबार शिक्षा समन्वय तथा इकाई कार्यालय पाल्पामा खोप उपलब्ध गराउन माग राख्दै शिक्षकले धर्ना दिएका छन्। बुधबार जिल्ला प्रशासन कार्यालय र जिल्ला जनस्वास्थ्य कार्यालयमा कोरोना बिरुद्धको खोप शिक्षकलाई उपलब्ध गराउन ज्ञापनपत्र बुझाइएको छ।

परीक्षा दिन उत्साहका साथ विद्यालयमा आएका विद्यार्थीलाई परिक्षा नहुने जानकारी गराएर घर पठाइएको रामतुलसी मावि रामपुरका प्रधानाध्यापक बालकृष्ण लम्साल बताउँछन्। विद्यालयमा कतिपयले परिक्षाको प्रवेश पत्र बुझ्न बाँकी रहेका विद्यार्थीलाई प्रवेश पत्र दिएर घर फिर्ता गरिएको उनले बताए। अनलाइनमार्फत संचालन गरिएको पठनपाठन पनि अहिलेका लागि स्थगित भएको छ।

# स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन रणनीति निर्माण

**पवन जायसवाल/मध्यान्ह**
बाँके, १४ साउन

बाँकेको डुडुवा गाउँपालिकाले आगामी वर्षमा स्वास्थ्य सेवालाई अझ थप प्रभावकारिता तथा गुणस्तरियता बनाउनका लागि आगामी वर्षको कार्ययोजना तथा रणनीति निर्माण गरेको छ। गाउँपालिका स्वास्थ्य शाखाद्वारा बिहीबार आयोजित आर्थिक वर्ष २०७७/०७८ को वार्षिक समिक्षा तथा योजना तर्जुमा गोष्ठीमा उक्त स्वास्थ्य सेवाको स्तर वृद्धि लगायतका विषयमा सुधार गर्न आगामी कार्ययोजना निमार्ण गरिएको छ।

गाउँपालिकामा 'जेष्ठ नागरिकसँग गाउँपालिका अध्यक्ष कार्यक्रम' सञ्चालनको कार्यक्रमलाई यस वर्षदेखि विशेष अभियानको रुपमा सञ्चालन गरिएको छ। उक्त गोष्ठीबाट विषेश गरी गाउँपालिकाले सञ्चालन गर्दै आएको स्वास्थ्य सेवा अभियानका कार्यक्रमलाई थप निन्तरता दिँदै, आमा सुरक्षा, सुरक्षित मातृत्व, खोप, गाउँघर तथा खोप क्लिनिक सुधार तथा पुर्वाधार व्यवस्थापन लगायतका विषयमा आगामी वर्षका लागि रणनीति निर्माण गरिएको गाउँपालिका स्वास्थ्यका शाखा प्रमुख धनबहादुर बुढाले बताए। उनका अनुसार गाउँपालिकामा अझै पनि अशिक्षित नागरिकहरुको बसोबास भएकाले स्वास्थ्य तथा सरसफाईमा विशेष ध्यान दिँदै कार्यक्रम सञ्चालन गर्नुपर्ने भएको देखिन्छ।

गाउँपालिकाले आर्थिक वर्ष २०७८/०७९ का लागि स्वास्थ्यमा करिव दुई करोड रुपैयाँ छुट्याएको



गाउँपालिका अध्यक्ष नरेन्द्रकुमार चौधरीले बताए। उनका अनुसार घरघरमा स्वास्थ्य कार्यक्रम, आमा सुरक्षा कार्यक्रम, ल्याब स्थापना र सञ्चालन, बेतहनीमा इमरजेन्सी स्वास्थ्य सेवा सञ्चालन रहेका छन्।

गाउँपालिकाले स्वास्थ्य क्षेत्रलाई पहिलो प्राथमिकतामा राखी स्वास्थ्य सेवा प्रदान गर्दै आएको र यो सेवाले यहाँका नागरिकलाई निकै मद्धत पुऱ्याएको अध्यक्ष चौधरीले बताए। कार्यक्रममा गत वर्षको वार्षिक प्रगति विवरण गाउँपालिकाका ६ वटै स्वास्थ्य चौकीका इन्चार्जहरुले आ-आफनो प्रस्तुतीकरण गरेका थिए। प्रस्तुतीकरणपछि छलफल गरी आगामी कार्ययोजना तथा रणनीति निर्माण गरिएको छ।

## कति...

मध्ये ३३ प्रतिशतलाई खोप लगाइने र चैत मसान्तभित्र सबै लक्षित समूहलाई खोप लगाउने लक्ष्य लिएको छ। चालू आर्थिक वर्षमा सरकारले कोभिड-१९ को रोकथाम, उपचार र नियन्त्रणका लागि रु ३७ अर्ब ५३ करोड रकम कोरोना भाइरस विरुद्धको खोपका लागि रु २६ अर्ब ७५ करोड बजेट विनियोजन गरेको छ।

सरकारले जनसंख्याको ७२ प्रतिशत अर्थात पहिलो प्राथमिकतामा रहेका दुई करोड १५ लाख र पछिल्लो समय १२ वर्षदेखि १८ वर्ष उमेर समूहका ४९ लाख गरी कूल दुई करोड ६५ लाखमा खोप लगाउने लक्ष्य लिएको छ। ती सबैलाई खोप लगाउन पाँच करोड ३५ लाख मात्रा खोप आवश्यक देखिन्छ।

## अध्ययन...

कतिसम्म भने न्यायिक प्रक्रियामा ढिलाईमा पनि विकृति देखिएको प्रतिवेदनमा उल्लेख छ। अध्ययन समितिमा न्यायाधीश कार्की, न्यायाधीश प्रकाशमानसिंह राउत, न्याय परिषद्, नेपाल बार, सर्वोच्च बार, महान्यायाधिबक्ताको कार्यालय लगायतका प्रतिनिधि संलग्न थिए। यो समितिलाई तीन महीनाको समय दिइए पनि झण्डै एक वर्षपछि प्रतिवेदन तयार भएको छ।

कोरोना महामारीका कारण समय लागेको अध्ययन् समितिका सदस्यहरुले बताएका छन्। यो समितिलाई न्यायालयमा हुने अनियमितता र भ्रष्टाचार हुन सक्ने क्षेत्रको अध्ययन गर्न र रोकथामको सुझाव पेश गर्न कार्यादेश थियो। त्यसैअनुसार, प्रतिवेदन तयार भएको बताइएको छ।

## विवाद...

कांग्रेसको गत असार ४ गते सम्पन्न केन्द्रीय कार्यसमितिले बैठकले पार्टीको १४औं महाधिवेशन आगामी भदौ १६ देखि १९ गतेसम्म काठमाडौंमा गर्ने संशोधित कार्यतालिका पारित गरेको थियो। संशोधित कार्यतालिकाअनुसार गाउँ/नगर वडा अधिवेशन यही साउन १२ गते, गाउँ/नगरपालिका अधिवेशन साउन १६ गते, प्रदेशसभा क्षेत्रीय अधिवेशन साउन २० गते तोकिएको थियो।

प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन साउन २३ गते, एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन साउन २६ गते र प्रदेश अधिवेशन भदौ १ र २ गते निर्धारण गरिएको छ।

आसन्न १४औं महाधिवेशनका लागि पार्टीको क्रियाशील सदस्यता संख्या आठ लाख ५२ हजार ७११ पुगेको छ। कांग्रेस क्रियाशील सदस्यता छानविन समितिले पार्टी पदाधिकारी र पूर्वपदाधिकारी बैठकमा क्रियाशील सदस्यता विवरण सम्बन्धी प्रतिवेदन बुझाएको छ।

सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाको बूढानीलकण्ठस्थित निजी निवासमा भएको बैठकमा समितिका संयोजक रमेश लेखकले उक्त प्रतिवेदन पार्टी सभापति देउवालाई बुझाएका हुन्। संयोजक लेखकका अनुसार चार लाख नौ हजार ३३ जनाको नवीकरण गरिएको छ भने चार लाख ४३ हजार ६७८ जनालाई नयाँ क्रियाशील सदस्यता प्रदान गरिएको छ। क्रियाशील सदस्यता संख्यामा ७४ दशमलव २६ प्रतिशत पुरुष, २२ दशमलव ६२ प्रतिशत महिला र शून्य दशमलव शून्य दुई प्रतिशत अन्य रहेको प्रतिवेदनमा उल्लेख छ।

पार्टीका केन्द्रीय सदस्य लेखकको संयोजकत्वमा गठित समितिमा केन्द्रीय सदस्यहरु आनन्द ढुङ्गाना, जीवन परियार, श्यामकुमार घिमिरे, प्रदीप पौडेल, कल्याण गुरुङ र योगेन्द्र चौधरी सदस्य थिए।

## खोप...

मृतका कामदारको परिचय खुलाइएको छैन। उनको शवलाई पोस्टमार्टमको लागि फोरेन्सिक ल्यावमा पठाइएको अनुसन्धानामा संलग्न प्रहरीले बताएको छ।


## कतारमा रोजगार

१. कम्पनी: ADORA ART GALLERY — शहर: DOHA — LT. No.: 241976

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | PLUMBER | 2 | 0 | 1200 | ३९,१२० |
| 2. | Plaster Technician | 4 | 0 | 1200 | ३९,१२० |

२. कम्पनी: Al Sahib Trading Contracting Services & Transportation — शहर: DOHA — LT. No.: 237615

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Truck Driver | 5 | 0 | 2000 | ६५,२०० |
| 2. | Trench Digger Oper | 1 | 0 | 2200 | ७१,७२० |
| 3. | Mechanic | 2 | 0 | 2000 | ६५,२०० |

३. कम्पनी: MAINTENANCE BY CREATIVE WLL — शहर: DOHA — LT. No.: 242330

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Gypsum Technician | 1 | 0 | 1100 | ३५,८६० |
| 2. | Mason | 1 | 0 | 1100 | ३५,८६० |
| 3. | Labourer | 5 | 0 | 1000 | ३२,६०० |
| 4. | Secretary | 0 | 1 | 2500 | ८१,५०० |
| 5. | Foreman | 1 | 0 | 2500 | ८१,५०० |
| 6. | Driver | 2 | 0 | 1400 | ४५,६४० |

४. कम्पनी: PACK AND PRINT — शहर: DOHA — LT. No.: 241556

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Executive Sales | 2 | 0 | 2100 | ६८,४६० |
| 2. | Busin Executive | 1 | 0 | 2500 | ८१,५०० |
| 3. | Driver | 1 | 0 | 1500 | ४८,९०० |

५. कम्पनी: AL GHANIM GARAGE — शहर: DOHA — LT. No.: 243285

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | 1400 | ४५,६४० |
| 2. | Electro Mechanical Technician | 2 | 0 | 1300 | ४२,३८० |
| 3. | Heavy Vehicle Driver | 1 | 0 | 1900 | ६१,९४० |

६. कम्पनी: SHANNON ENGINEERING CO. — शहर: DOHA — LT. No.: 243286

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रु. |
|---|---|---|---|---|---|
| 1. | Labour Services | 10 | 0 | 1300 | ४२,३८० |

(6 Aug. 2021)

Mobhira Recruitment Consultancy services (P.) Ltd.
Email: manager@mobhiraservices.com, Web: www.mobhiraservices.com


## लेकवेशी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**कल्याण-६, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

**आ.ब. २०७८/०७९ को नदीजन्य पदार्थको उत्खनन् तथा बिक्री वितरणको लागि बोलपत्र आव्हान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०७८/०४/१५ गते**

यस लेकवेशी नगरपालिका नगरकार्यपालिकाको मिति २०७८/०४/१२ गतेको निर्णयानुसार प्राकृतिक स्रोत कर असुली सम्बन्धी कार्य आ.ब. २०७८/०७९ को लागि बोलपत्रद्वारा गराउन पर्ने भएकोले उक्त कार्यको लागि यो सूचना प्रकाशित गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क. को व्यवस्था बमोजिम तपसिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी लेकवेशी नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, आ.ब. २०७७/७८ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही ईच्छुक व्यक्ति, फर्म वा कम्पनीले बोलपत्र प्रकृयामा सहभागी हुन सम्बधित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। अन्य थप जानकारीका लागि यस नगरपालिकाको सूचनापाटी, वेभसाइट www.lekhbeshimun.gov.np तथा कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ।

**तपसिल**

**ढुंगा, गिट्टी, बालुवा, ग्राभेल आदि प्राकृतिक स्रोतको उपयोगमा लिईने करको ठेक्का विवरण**

| सि.नं. | सूचना नं./ बोलपत्र नं | बोलपत्रको नाम | उत्खनन् परिमाण (घन.मि) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मु.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु) |
|---|---|---|---|---|---|---|
| १. | 1-NCB/GOODS /LM/1/078-079 | चिङगाड नदी क्षेत्रमा रहेको नदीजन्य पदार्थको उत्खनन् तथा बिक्री वितरण कार्य | 65,000 | 68,79,588.50 | कबुल अंकको ५ प्रतिशत | ३,००० |
| २. | 1-NCB/ GOODS/ LM/2/078-079 | गम खोला र राते खोला क्षेत्रमा रहेको नदीजन्य पदार्थको उत्खनन् तथा बिक्री वितरण कार्य | गम खोला = 18,792<br>राते खोला = 25,020<br>जम्मा= 43,812 | 46,37,054.3 | कबुल अंकको ५ प्रतिशत | ३,००० |

**शर्तहरु**

१ फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७७/०७८ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, वोलपत्र फाराम दस्तुर वापत प्राईम कमर्सियल बैंक, सुर्खेतमा रहेको यस कार्यालयको आन्तरिक ग.१.१ राजश्व खाता नं. ०६१००४७४CA मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी मिति: २०७८/०५/१३ गते १२ बजे सम्म बोलपत्र फाराम खरिद गर्न सकिनेछ साथै विधुतीय माध्यम बाट बोलपत्र पेश गर्न चाहाने बोलपत्रदाता ले सार्बजनिक खरिद अनुगमन कार्यालयको https://bolpatra.gov.np/egp/ बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको वा यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धि कागजात साथ संलग्न गर्नुपर्नेछ।

२. वोलपत्र सम्बन्धी फारम भर्दा कवोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आफुले कवोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको धरौटी हि.नं.(ग.३) ०६१००४८३ CA (धरौटी खाता) मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा स्थानीय सरकार सञ्चालन ऐन २०७४, वमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त क श्रेणी बैंकबाट यस कार्यालयको नाममा ठेक्का नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको विड वण्ड वोलपत्र साथ पेश गर्नु पर्नेछ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोपराइटरको नाम, फोन नं समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन २०७८/०५/१३ गतेको १२:०० बजे भित्र दर्ता गर्न सकिने छ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन।

५. रीतपूर्वक पर्न आएका वोलपत्रहरु वोलपत्र पेश गर्ने अन्तिम दिनको २०७८/०५/१३ दिनको १:०० वजे विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै ठेकेदार वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन विदा परेमा उल्लेखित कार्यहरु विदा पछि कार्यालय खुलेको दिन मा गरिनेछ।

६. नदीजन्य पदार्थहरु नदीलाई नै घाटगद्दी स्थल तोकि सोही निर्धारित स्थलवाट मात्र उत्खनन तथा बिक्री वितरण गर्नुपर्ने।

७. ठेक्का सम्बन्धी विस्तृत जानकारी वोलपत्र फाराममा उल्लेख गरिएको हुंदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

८. म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका वोलपत्रहरु स्वीकार गर्न यस कार्यालय वाध्य हुनेछैन। वोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा खरिद प्रक्रिया रद्द गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

९. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का वन्दोवस्त गरिनेछ।

१०. ठेक्का अवधी २०७८ सालको सम्झौता मिति देखि २०७९ सालको जेष्ठ मसान्त सम्म हुनेछ।

११. तोकिएको स्थान र परिमाणको निर्माण सामाग्रीहरु २०७९ जेष्ठ मसान्त सम्म उठाई सक्नुपर्नेछ। सो अवधी पश्चात मौज्दात प्रमाणित गरिने छैन र सम्झौता अबधी पश्चात कुनै प्रकारको स्टक मौज्दात देखिएमा नगरपालिकाले जफत गरी लिलामी बिक्री वितरण प्रक्रियामा लैजान बाधा पर्ने छैन।

१२. यस नगरपालिकाको नदी तथा खोलाहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दभर्मा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ घ (१), घ (२), र घ (६) मा भएको व्यवस्था, यस सम्बन्धि प्रचलित ऐन नियम, लेकवेशी नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण ऐन, २०७७ र लेकवेशी नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७, नदीजन्य निर्माण सामाग्रीहरुको उपयोग सम्बन्धमा भएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) एवं नेपाल सरकारबाट भएका निर्देशनहरु, वा उल्लेखित प्रावधान विपरित हुने गरी कार्य गर्न पाईने छैन।

१३. साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछन्।

१४. बोलपत्र पेश गर्ने अन्तिम दिन सार्बजनिक बिदा पर्न गएमा सोको लगतै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

१५. बोलपत्र स्वीकृत भएपछि कबोल अंकको पुरै रकम प्राईम कमर्सियल बैंक कल्याण सुर्खेतमा रहेको विभाज्यकोष खाता नं. (ग.६.१) ०६१००४८६CA, मा जम्मा गरेको सक्कल भौचर कार्यालय मा दाखिला भएपछी मात्र उक्त कार्यको सम्झौता गरी कार्यादेश/चलान पुर्जी दिईनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

## एनआरएनए कोरियाको अध्यक्षमा मगर




**सन्तोष खड्का/मध्यान्ह**
सौल, (दक्षिण कोरिया), १४ साउन

गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् दक्षिण कोरियाको अध्यक्षमा सर्वसम्मतिबाट दिपक पुन मगर निर्वाचित भएका छन् ।संघको आठौं महाधिवेशनमा सचिव बाहेकका आई.सी.सी. सदस्य, अध्यक्ष लगायतका सम्पूर्ण पदाधिकारीहरु सर्वसम्मतिबाट निर्वाचित भएका हुन् । संघको सचिव पदमा भने दोश्रो चरणको निर्वाचन भएको थियो ।

कडा प्रतिस्पर्धाका साथ भएको उक्त निर्वाचनमा परी गुरुङले बाजी मारेकी छन् । सो प्रतिस्पर्धामा गुरुङसहित हरि प्रसाद भट्टराई र राजकुमार राई(राजु) उत्रिएका थिए । सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको सो महाधिवेशनबाट आई.सी.सी. सदस्यहरूमा सोम लामा र डा. बिमल सुवेदी चुनिएका छन् ।

यस्तै संघको वरिष्ठ उपाध्यक्षमा सन्जिव कुमार राई, महिला उपाध्यक्षमा शुभद्रा पालुङ्वा, उपाध्यक्षमा मनोज गौतम र किरण अधिकारी महासचिवमा रोशन भट्टराई, सचिवमा सिरी सत्याल र परी गुरुङ, कोषाध्यक्षमा खिम काउचा मगर, सह-कोषाध्यक्षमा सुनिल कन्दङ्वा, महिला संयोजकमा सुजाता बस्नेत, युवा संयोजकमा अनित थपालिया निर्वाचित भएका छन् ।

कार्यसमिति सदस्यहरुमा डा.रोशन शर्मा, सन्तोष खड्का, रमेश थापा मगर, गंगा खतिवडा, अम्रिता लामिछाने गुरुङ, बुद्धि प्रसाद नेपाल र गम्भिर मान श्रेष्ठ निर्वाचित भएका छन् । निर्वाचित पदाधिकारीहरू विभिन्न क्षेत्रका विज्ञ एंव दक्षिण कोरियामा अति सकृय सामाजिक अभियान्ता समेत भएको प्रतिकृया सहभागीहरुबाट आएको छ ।

निर्वाचित पदाधिकारीहरूमा महिलाको सहभागीता अत्यन्तै उत्साहजनक हुनुले अब एन.आर.एन.ए. दक्षिण कोरियाको आठौं कार्यसमितिले नयाँ इतिहास रच्नेमा कुनै शंका नभएको कतिपय सहभागीहरुको भनाई थियो । आठौं कार्य समितिका पदाधिकारीहरुलाई आगामी शनिबार जूममार्फत शपथ ग्रहण गराउन लागिएको निर्वाचन मण्डलले बताएको छ ।

## चाइना फाउण्डेसनद्वारा उदयपुरका दुई विद्यालयलाई स्वास्थ्य सामग्री सहयोग

**उदयपुर/मस-** चाइना फाउन्डेसनको सहयोगमा उदयपुरको त्रियुगा नगरपालिकाका दुई विद्यालयका विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरिएको छ । बिहीबार छुट्टाछुट्टै कार्यक्रमकाबीच दुई विद्यालयका ३ सय ३७ जान विद्यार्थीलाई शैक्षिक सामग्री र हाइजेनिक सामग्री वितरण गरिएको हो ।

नेपाल-चीन कार्यकारी परिषद्को समन्वयना चाइना फउण्डेसनले त्रियुगा नगरपालिका-१३ को जनप्रेमी आधारभूत विद्यालयका पुरुष ७९ र महिला १०२ गरी जम्मा १८१ विद्यार्थी तथा वडा नम्बर ६ को चुरिया आधारभूत विद्यालयका पुरुष ७७ र महिला ७९ गरी जम्मा १५६ गरी दुबै विद्यालयका ३३७ विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरिएको बताइएको छ ।



*गोरखा सदरमुकाम- आरुघाट सडकखण्डअन्तर्गत ढुंगागाडेमा ठेकेदारलाई सडक छिटो निर्माणका लागि दबाब दिन कोदो रोप्दै जनप्रतिनिधि र स्थानीयवासी । तस्बिर: रासस*

# तारकेश्वर नगर सभापतिका लागि ३ जनाको दौडधुप

## झण्डै २ हजार क्रियाशील सदस्य

**दिवस ढकाल/मध्यान्ह**
काठमाडौं, १४ साउन

नेपाली कांग्रेसको आसन्न १४ औं महाधिवेशनको रौनक सुरुवात भएको छ । काठमाडौंको तारकेश्वर नगरपालिकामा विगत केहि दिनदेखि महाधिवेशनको रौनक सुरु भएको हो । नेता कार्यकर्ताहरु बैठक, भेला, छलफल र गृहकार्यमा व्यस्त देखिन्छन् । नेतृत्वका लागि वडा देखि नगरका ठूला नेताहरुको उम्मेदवारीको दावी दिनहुँ आइरहेका छन् ।

नतिजा आफ्नो पोल्टामा पार्न अनेक जुक्ती अपनाउन सुरु गरेका नेताहरु टिम बदल्ने देखि लिएर आफ्ना कार्यकर्ता सम्हाल्न व्यस्त देखिन्छन् । वडा हुँदै नगर नेतृत्व कस्ले हात पार्ने भन्ने चर्चासँगै नेताहरुको क्रियाशीलता समेत बढ्दै गएको छ । कांग्रेस वृत्तमा महाधिवेशनलाई एक पर्वको रुपमा हेरिन्छ ।

नगरको ११ वटै वडाको नेतृत्व र नगर सभापतिको छनौटका लागि प्रत्यक्ष क्रियाशील सदस्यको सहभागिता आवश्यकता पर्नेछ ।

हाल तारकेश्वर नगरपालिकामा कुल १ हजार ९ सय ५३ जना कांग्रेसका क्रियाशील सदस्यहरु रहेका छन् । नगरपालिकाको वडा नं.१ साङ्लामा १८६ जना, वडा नं. २ काभ्रेस्थलीमा ३७२ जना, वडा नं. ३ जितपुरफेदीमा १९९ जना, वडा नं.४ गोलढुंगामा ९५ जना, वडा नं. ५ गोलढुंगामा, ३८२ जना, वडा नं. ६ धर्मस्थलीमा २७० जना, वडा नं.७ मनमैजुमा ११४ जना, वडा नं.९ मनमैजुमा ८७ जना, वडा नं. १० मनमैजुमा ६४ जना, र वडा नं. ११ मनमैजुमा ७९ जना कांग्रेसका क्रियाशील सदस्यहरु रहेका छन् । नगरपालिकामा १ हजार २ सय ९८ जना पुरानो र ६ सय ५५ जना नयाँ गरी १ हजार ९ सय ५३ जना क्रियाशील सदस्य रहेका छन् ।



नगर सभापतिमा कसको चर्चा ?

नेपाली कांग्रेस तारकेश्वर नगरपालिकाको सभापतिमा ४ जना नेताको नाम बढी चर्चामा आएको छ । मनोहारी तिवारी, कृष्णमान महर्जन, इन्द्रमान महर्जन, श्रीराम थापा, र हरि तिमल्सिनाको नाम सभापतिको दावेदारको रुपमा चर्चा चलेको छ ।

धर्मराज अर्यालको नाम नगर सभापतिमा चलेतापनी अहिले उनले सभापति नलड्ने र कुशल राजनीति गर्नेलाई समर्थन गर्ने बताएका छन् ।

श्रीराम थापाले आफू नगर सभापति वा क्षेत्रिय सभापतिमा उठ्ने दाबी गरिरहेका छन् । उनले आफू नगर वा क्षेत्रिय सभापति जुनमा उमेद्वारी दिएपनि आफ्नो बहुमत आउने र पराजय नहुने बाजी गरेका छन् । थापा यस अघिको स्थानीय तहको निर्वाचनमा तारकेश्वर नगरपालिकाको मेयरमा पराजित भएका थिए । उनले आफू नगर सभापति भएपनिरनभएपनि आसन्न स्थानीय तहको निर्वाचनमा नगरपालिको मेयेरमा उमेद्वारी दिने बताएका छन् । उनको उम्मेद्वारीको बिषयलाई लिएर अहिले प्रतिक्रिया बुझ्ने काम भैरहेको उनी निकट एक नेताले बताए ।

त्यस्तै, तारकेश्वर नगरपालिकामा हरि तिमल्सिनाले पनि कांग्रेसको आसन्न १४ औं महाधिवेशनमा आफूलाई नगर सभापतिको रुपमा दाबी गरिरहेका छन् । लामो समयदेखि नेपाली कांग्रेसमा आबद्ध भएर केन्द्रीय राजनीतिसम्म आफूलाई चिनाएका तिमल्सिनाले पनि नगर सभापतिमा उमेद्वारी दिने बताइएको छ । त्यस्तै, तारकेश्वर नगरपालिका वडा नं.३ का वडाध्यक्ष तथा नेपाली काँग्रेस प्रदेश सभापति मनोही तिवारीले पनि आफूले नगर सभापति कि प्रदेश सभापतिमा उम्मेदवारी दिने बताएका छन् ।

तारकेश्वर नगरपालिमा वडा जनप्रतिनिध भएर काम गरिरहेका तिवारीले आसन्न स्थानीय तहको निर्वाचनमा नगर प्रमुखमा उम्मेद्वारी दिने बताएका छन् । 'म कांग्रेसको १४ औं महाधिवेशनमा नगर सभापति या प्रदेश सभापतिमा उम्मेदवारी दिने छु,' नेता तिवारीले भने, 'कांग्रेसको अधिवेशनले स्थानीय निर्वाचनमा कोको सहभागी हुन सक्नेछन भन्ने कुराको पनि निर्धारण गर्ने छ, मलाई आगामी स्थानीय तहको निर्वाचनमा नगरप्रमुखको जिम्मेवारीमा पनि देख्न पाउनुहुनेछ ।'

## कल्भट भासिँदा नुवाकोटमा यातायात अवरुद्ध

**रामहरि रिमाल/मध्यान्ह**
नुवाकोट, १४ साउन

नुवाकोटको सदरमुकाम विदुरबाट बट्टार तर्फ जाने मुख्य सडक अविरल वर्षाका कारण नुवाकोटको मैथली तालिम केन्द्रको विदुरतर्फको खोल्सामा रहेको पुलमा क्षति पुगेसँगै सडक पूर्णरूपमा ठप्प भएको छ ।कल्भटमा क्षति पुगेसँगै आउजाउ गर्न कठिन भएको छ । उक्त कल्भट भासिएसँगै विदुर-बट्टारको यातायात अवरुद्ध भएर आपतकालीन सेवा दिने सवारी साधनसमेत आउजाउ हुन सकेका छैनन् । उपयुक्त विकल्पिक सडक नहुँदा मर्मतसम्भार गरेर पुनःसञ्चालन नभएसम्म सवारी साधन रोकिनुपर्ने बाध्यता रहेको छ ।



नुवाकोटको बट्टारबाट विदुर जाने सडक बन्द हुँदा बट्टारबाट जिल्ला सदरमुकामसहित विभिन्न पालिका र रसुवा जाने यातायातको सेवा बट्टारमा नै रोकिएका छन् ।

बुधबार राति करिब ८ बजेतिर कल्भटको जगमा क्षति पुर्याएसँगै सडक पूर्णरूपमा अवरुद्ध हुँदा विदुरबाट मैथली ब्यारेक हुँदै बट्टारतर्फ जाने सडक बन्द भएको जिल्ला प्रहरी कार्यालय नुवाकोटका प्रहरी निरीक्षक ललिता ढकालले जानकारी दिइन् ।

उनका अनुसार कल्भट भासिएसँगै सडकको दुवैतर्फ वारिपारि जान नमिल्ने भएको छ । पैदलयात्रुलाई समेत

क्षति पुगेको कल्भट र अवरोध भएको सडक अहिले बिहानबाट खुलाउन प्रयास गरिने डिभिजन सडक कार्यालयका प्रमुख नारायणदत्त भण्डारीले जानकारी दिए । उनका अनुसार सडक डिभिजन र योजना कार्यालयका उपकरण र जनशक्ति परिचालन गरेर जतिसक्दो छिटो अवरुद्ध सडक पुनः सञ्चालन गर्न प्रयास गरिने बताएका छन् ।

यसैबीच बुधबार साँझ परेको वर्षाले जिल्लाको अन्य स्थानमा पनि पहिरो गई घरमा क्षति पुगेका विवरण संकलन हुने क्रममा रहेको जिल्ला प्रहरी कार्यालय नुवाकोटले जनाएको छ ।

## प्रधानमन्त्री स्वरोजगार कार्यक्रमका श्रमिकले नै पाएनन् पारिश्रमिक



**लक्ष्मण पाण्डे/मध्यान्ह**
डडेल्धुरा, १४ साउन

बैतडीको पाटन नगरपालिका वडा नं. ८ मा प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत काम गर्ने कामदारहरूले पाउनुपर्ने पारिश्रमिक समेत पाएका छैनन् । ११ लाखको योजनामा २ लाख मात्रै पाइएको बताइएको छ । कामदारहरुले भने पुरै काम गरेको तर उक्त वडामा अनुगमन गर्ने ओभरसियर सम्राट चन्दले केहि पैसा हामीलाई चाहिन्छ भन्दै पैसा दिन नसक्ने बताएपछि श्रमिकहरुले पारिश्रमिक नपाएका हुन् । ओभरसियर चन्द भने अहिले सम्पर्क बिहीन भएका छन् ।

उनले पैसा खान नपाएको झोकमा मुल्यांकन गर्दा ११ लाख पाउनुपर्नेमा २ लाख बराबरको मात्रै काम भएको देखाई दिएकाले २ लाख मात्रै पाएको कामदारहहरुले गुनासो गरेका छन् ।

यस्तै प्रधानमन्त्री स्वरोजगार कार्यक्रम पाटन नगरपालिकाका वडा नं. ९ र १० मा भने पूरा रकम भुक्तानी भएको छ तर ८ मा भने कामदारहरुले ५ सय १७ रुपैयाँका दरले पाउनुपर्ने रकम प्रतिव्यक्ति ६४ रुपैयाँका दरले मात्रै दिन खोजिएको गुनासो गरेका छन् ।

# भीमदत्त-६ मा दलित समुदायका महिलालाई दुई लाख बजेट




**कञ्चनपुर डायरी**
गोमती पाल/मध्यान्ह

भीमदत्त नगरपालिकाको वडा नं. ६ ले दलित समुदायका महिलाहरुका लागि दुई लाख बजेट विनियोजन गरेको छ । चालु आर्थिक वर्षमा दलित समुदायका महिलाहरुको लागि विभिन्न कार्यक्रम सञ्चालन गर्न बजेट छुट्याएको हो । भीमदत्त नगरपालिकाको वडा नं. ७ र १० ले पनि बजेट छुट्याउने आश्वासन दिएका छन् ।

भीमदत्त नगरपालिकाका १९ ओटै वडामा दलित समुदायका महिलाहरुका लागि बजेट छुट्याउन माग गरिएको थियो । दलित महिला संघ(फेडो) कञ्चनपुरका अध्यक्ष लक्ष्मी वि.क.ले भीमदत्तका सबै वडामा दलित समुदायका महिलाहरुका लागि छुट्टै बजेट छुट्याउन माग गरिएको बताए । 'योजना तर्जुमा प्रक्रियामा सबै वडामा बजेटका लागि माग गरेका थियौं, ६ नम्बरले दुई लाख छुट्याएको छ, ७ र १० ले छुट्याउने आश्वासन दिएको छ', उनले भनिन्,'अन्य वडामा पनि माग गरिएको हो, तर बजेट छुट्याएको छैन ।'

अध्यक्ष विकले दलित समुदायका महिलाहरु समाजमा सबैभन्दा बढी पछाडि परेकाले उनीहरुको आर्थिक, सामाजिक र राजनीतिक रुपमा सशक्तिकरणका लागि छुट्टै बजेट छुट्याउनुपर्ने आवश्यकता भएको बताइन् । 'दलित समुदायका महिला समाजमा अन्य समुदायको तुलनामा पछाडि परिरहेका छन्, अरु महिला सरह दलित महिलालाई हेर्न हुँदैन' उनले भनिन्,'त्यस कारण यस समुदायका महिलालाई प्राथमिकता दिएर अघि जानुपर्ने आवश्यकता छ ।' फेडोले भीमदत्त नगरपालिका र बेलडाँडी गाउँपालिकामा दलित समुदायका महिलाहरुको सशक्तिकरण र पहुँच वृद्धिका लागि कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

ती दुई स्थानीय तहमा फेडोले चालु आर्थिक वर्ष २०७८/०७९ को बजेटमा दलित समुदायका महिलाहरुका लागि छुट्टै बजेट विनियोजन गर्न माग गरेको थियो । बेलडाँडी गाउँपालिकाले दलित समुदाय सहित सबै महिलाहरुका लागि बजेट विनियोजन गरेको छ ।

फेडोले त्यसमा दलित समुदायका महिलाहरुका लागि छुट्टै बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गर्न पर्ने अध्यक्ष विकको भनाई छ । फेडोका कार्यक्रम संयोजक नर बहादुर आउजीले दलित समुदायका महिलाहरुका लागि बजेट विनियोजन गराउन फेडोले स्थानीय सरकारलाई दबाब दिँदै आएको बताए ।

'स्थानीय सरकारको योजान तर्जुमा प्रक्रियामा दलित समुदायका महिलाहरुलाई समावेश गराउन सुरुदेखि लागेको थियौं, त्यसका लागि स्थानीय सरकार प्रमुख सहित जनप्रतिनिधिसँग भेटघाट गरियो, मागपत्र बुझायौं' उनले भने,'त्यति गर्दा पनि बजेटमा खास मतलब गरिएन ।'

## भारतबाट अवैधरुपमा भित्रिएको अढाई लाख बढीको चिनी बरामद



भारतबाट अवैध रुपमा भित्रिएको अवैध समान बरामद गरिएको छ । जिल्ला प्रहरी कार्यालय कञ्चनपुरको प्रहरी टोलीले दुई लाख ७३ हजार मूल्य बराबरको चिनी बरामद गरेको छ । बरामद समान भीमदत्त नगरपालिका १८ का बिक्की गुप्ताको भएको प्रहरीले जनाएको छ । गप्ताको भाँसीस्थित गोदामबाट ४२ क्विन्टल चिनी बरामद गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक शिद्धराज न्यौपानेले बरामद चिनी भन्सार कार्यालय पठाएको छ । चिनीसंगै व्यापारी गुप्तालाई पनि भन्सार पठाइएको छ ।

## सम्पादकीय

# मुर्झाएको मधेश सपना

२०७४ को प्रदेश तथा प्रतिनिधिसभा निर्वाचनको जनादेश विपरीत विकसित राजनीतिक घटनाक्रमले मूलतः दुई शक्तिको सपना र संकल्प संकटमा परेको छ । पहिलो, वाम आन्दोलन र दोस्रो, मधेश आन्दोलन । ५९ वर्ष लामो टुटफुट पछि २०७४ मा ठूला दुई कम्युनिष्ट पार्टी (नेकपा एमाले र माओवादी केन्द्र) बीच गठबन्धन गरी निर्वाचनमा सामेल भएको थियो । जनादेश पनि संसदीय इतिहासमा पहिलो पटक वाम शक्तिलाई पाँच वर्षे स्थीर सरकार बनाउने अवसर मिल्यो । सात मध्ये ६ प्रदेशमा वाम शक्तिलाई दुई तिहाइ नजिकको जनमत प्राप्त भयो । प्रदेश २ मा पनि मधेश केन्द्रीत शक्तिलाई सरकार बनाउने जनादेश प्राप्त भयो । संघीय सरकार सरकारमा पनि वाम शक्तिलाई दुई तिहाइ नजिकको जनमत प्राप्त भयो । जनादेश अनुसार वाम र मधेश शक्ति मिलेर सरकार बनाइयो । प्रधानमन्त्री बने- नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली ।

३ फागुन २०७४ मा ओली प्रधानमन्त्री बनेपछि एमाले र माओवादी केन्द्र एकता गरेर ३ जेठ २०७५ मा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) बनेको थियो । अब मुलुकमा शक्तिशाली कम्युनिष्ट पार्टी र बलियो सरकार स्थापना भयो । तर यो सरकार र नेकपा तीन वर्ष नपुग्दै विग्रहको बाटोतिर लाग्यो । गएको ५ पुसमा प्रतिनिधिसभा निवर्तमान प्रधानमन्त्री ओलीले विघटन गरे । यो विघटनले शक्तिशाली पार्टी नेकपा विघटन भयो भने जनादेश बिपरीत राजनीतिक घटनाक्रम अगाडि बढ्यो । सात महिना लामो राजनीतिक उतारचढाबका क्रममा नेकपा छिन्नभिन्न भयो भने मुलुकमा नेपाली काँग्रेस नेतृत्वमा गठबन्धनको सरकार बनेको छ ।

यो घटनाक्रमले कम्युनिष्ट आन्दोलनलाई गम्भीर क्षति पुगेको छ । सँगै, मधेश विद्रोहबाट उठेको आन्दोलन पनि मुर्झाउन पुगेको छ । संसद्को तेस्रो शक्ति बनेको जनता समाजवादी पार्टी (जसपा) विभाजित अवस्थामा छ । उपेन्द्र यादवले पार्टीको आधिकारिकता पाएका छन् भने महन्थ ठाकुर समूहलाई नयाँ पार्टी बनाउने बाटो खुलेको छ । अहिले एकअर्का विरूद्ध आरोप-प्रत्यारोपमा नेताहरू उत्रिएका छन् । सँगै, प्रदेश २ को सरकारको गठबन्धनमा मधेश केन्द्रीत शक्ति विभाजित बनेको छ । ठाकुर समूहलाई यादव समूहले सरकारबाट हटाएको छ । अब आगामी निर्वाचनमा यो शक्ति बिस्थापित हुनसक्ने खतरा बढेको छ । किनकि गएको निर्वाचनमा यादव र ठाकुरले गठबन्धन गरेका थिए । भर्खरै विभाजन भएको तत्काल गठबन्धन नहुने अवस्था आएमा क्षति बने मधेश आन्दोलनले भोग्नुपर्नेछ । त्यसैले अझैपनि नेताहरूले यसतर्फ एकपटक सोच्न जरूरी छ । राजनीतिक आन्दोलन एउटा सपना, संकल्प र साध्य पनि हो ।

## सामाजिक सञ्जाल



नेपालको केजरीवाल बन्ने सपना बाँडेर पत्रकारिताबाट राजनीतिमा हामफालेका महोदय चारबर्ष नपुग्दै कमल थापामा रूपान्तरण हुन ज्यानफालेको देख्दा उनका समर्थकहरूमा कस्तो सकस परेको होला ? अनुमान मात्र गर्न सकिन्छ ।

**- खिमराज रेग्मी**



मिश्र बैकल्पिक आशावादी नेताको रूपमा युवाहरूले चिन्थे । उहाँबाट छुट्टै विकास समृद्धिका भिजन युक्त एजेन्डाहरू आउनुपर्नेमा बिडम्बना, धर्मनिरपेक्षता संघियताको बहस । बेकार फाल्तु कुरा । यस्ता सैद्धान्तिक एक्सपाएर एजेन्डाको काम छैन । बरू खर्चहरू कटौति गरौँ, मन्त्रीमण्डल सानो बनाऔँ । कर्मचारी कटौति गरौँ । यस्ता एजेण्डा आउनुपर्ने थियो ।

**- राधिका सुवेदी**



हामी विविध विचारका भए पनि संविधानतः समाजवादी हौँ । थाहा छ, समाजवाद लेख्य हो, देख्य भोग्य हैन । अपितु मौजुदा सिस्टम र चेतना रहुञ्जेल बिरोधका जुन बिगुल फुके पनि बालुवाटार पुगेर बाहिर चोर औँलो घुमाउनेभित्र बंग्याउने चाहौँ/नचाहौँ एमाले/नेकानै हो । उसो भए डाँकाहरू फालेर चोरहरू छिराउन के गर्न सकौला ?

**- गोविन्दकुमार थापा**



वैकल्पिक शक्ति भनेको एनजीओको लगानीमा मिडिया तिर दुइचार लेख लेख्दै डाक्टर केसि अनसन बस्दा माइतीघर तिर उफ्रिने मात्र होइन ठुला भनिएका दलहरूले जनताको मुद्दा बेवास्ता गर्दा त्यसलाई आफ्नो मुद्दा बनाई जनता सामु जानू पनि हो । त्यहि काम रवीन्द्र मिश्रले गर्न खोज्दा मिडियाहरूलाई औडा भएको छ ?

**- दिपेन्द्र बिष्ट**



२०६२/६३ जनआन्दोलमा 'ज्ञाने चोर यो देश छोड !' भनेर भाषण गर्ने मेरो साथीले, आज ५० डिग्रिको तातो खाडीबाट फोन गरेर भन्यो– "हामी प्रदेशीलाई देशको याद कति आउँछ आउँछ ! नेपाल नेताहरूले बिगारे तिमीहरू युवाले देश बनाउनु पर्छ ।" मेरा आखाँ रसाए, त्यो प्रदेशी युवाले देश विकासको आश गरिरहेको छ ।

**- नितेस बस्नेत**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail .com

# सरकारको बेवास्ता : यातायात व्यवसायीको मनोमानी

बीस वर्षे पुरानो गाडी विस्थापन गर्नुपर्छ भनि नियम ल्याउने, कार्यान्वयन गर्न नसक्ने अनि त्यही थोत्रा गाडीमा यात्रु हालेर भीरबाट खसालेर मार्ने । यसको जिम्मेवारको सरकार कि यातायात व्यवसायी ?



● अनुषा थापा

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र सडक बोर्डले करिब ३० दशक अगाडि ल्याएको नियम फितलो हुँदा सडक दुर्घटना बढेको छ । सडक ऐन एकदमै कमजोर भएको हुनाले पनि सडक दुर्घटना बढेको हो ।

आजभन्दा ३ दशकअघि जनसंख्या पनि ३ गुणा कम थियो । सवारी साधनको संख्या पनि निकै नै न्यून थियो । त्यतिखेर जम्मा ५ लाखको हाराहारीमा सवारीसाधन दर्ता थिए । तर अहिले निजी प्लेट र संस्थानको गाडी गरि लगभग ३५ लाखको हाराहारीमा सवारी साधन सञ्चालनमा छन् । सरकारी, संस्थान र कुटनीतिक गाडीहरुको दर्ता भिन्दै छ । हाम्रो देशमा दैनिक ११ जनाको सवारी दुर्घटनाको कारणले अकालमा ज्यान गुम्छ । सवारी साधन दुर्घटना हुनुको मुख्य कारण चाहिँ सवारी चालकको लापरबाही नै हो । दोस्रो कारण भनेको जेब्राक्रस, आकाशे पुल, ट्राफिक लाइट र फुटपाथको अभाव । तेस्रो कारण, सवारी दुर्घटना भएर मान्छे मार्ने गाडी धनी र चालकमाथि सरकारले ठोस कदम उठाउन नसक्नु ।

फितलो नियम कानुनले गर्दा पनि सवारी दुर्घटना गरेर मान्छे मार्ने चालकहरुको हौसला बढेको देखिन्छ । चालकको लापरबाहीले निर्दोष जनताले ज्यान गुमाउनुपर्ने अनि त्यसको जिम्मा कसले लिने । सवारी दुर्घटना भएर कत्तिले हातखुट्टा गुमाएको पनि छन् त्यसको क्षतिपुर्ति कसले व्यहोर्ने । सरकार कि गाडी धनीले ?

बीस वर्षे पुरानो गाडी विस्थापन गर्नुपर्छ भनि नियम ल्याउने, कार्यान्वयन गर्न नसक्ने अनि त्यही थोत्रा गाडीमा यात्रु हालेर भीरबाट खसालेर मार्ने । यसको जिम्मेवारको सरकार कि यातायात व्यवसायी ?

अझै पनि कति विकट क्षेत्रबाट उपत्यका छिरेका आमसर्वसाधारणलाई सडकसम्बन्धी नियमहरु बारे जानकारी छैन् ।

> अझै पनि कति विकट क्षेत्रबाट उपत्यका छिरेका आमसर्वसाधारणलाई सडकसम्बन्धी नियमहरु बारे जानकारी छैन् । उनीहरुलाई कहाँबाट बाटो काट्ने विषयमा ज्ञान पनि छैन् । त्यसैले पनि महानगरपालिका र सडक विभागले ठाउँ-ठाउँमा जेब्राक्रस र आकाशे पुल राखिदिनुपर्छ ।



उनीहरुलाई कहाँबाट बाटो काट्ने विषयमा ज्ञान पनि छैन् । त्यसैले पनि महानगरपालिका र सडक विभागले ठाउँ-ठाउँमा जेब्राक्रस र आकाशे पुल राखिदिनुपर्छ । सरकारले वर्षैपिच्छे आकाशे पुल निर्माण र जेब्राक्रस मर्मतको लागि बजेट छुट्याउने गर्छ । तर त्यो रकम फ्रिज हुने त्यहीको कर्मचारीले बाडेँर खाने गर्छन् ।

सुनेको एउटा सत्य कुरा, भनसुन गरेर र पैसाको आडमा लाईसेन्स निकाल्ने प्रशस्तै छन् रे । सवारी साधन चलाउनै नआउनेलाई लाईसेन्स दिएर पनि यत्तिको दुर्घटना बढेको हो । अझै हाम्रो देशमा त धनी बाबुआमाले आफ्नो छोराछोरीलाई परीक्षामा राम्रो नम्बर ल्याएबापत पनि सवारी साधन किनेर दिने चलन छ । तर के ती धनी बाउआमाको छोराछोरीलाई ट्राफिक नियम, सडकको लेनको बारेमा थाहा हुन्छ ? के उनीहरुले आफ्नो थोरै लापरबाहीले कसैको ज्यान जान सक्छ भनेर सोचेका हुन्छन् । यसलाई आफ्नो दमले होइन् रकमले काम गर्नु भन्छन् ।

अनुभवी चालकलाई कसरी गाडी चलाउने, ब्रेकफेल भयो भनि कसरी गाडी रोक्ने भन्ने ज्ञान हुन्छ । तर यी पैसाको आडमा लाईसेन्स लिनेले आफ्नो मतलब र देखाशिकीको लागि आफ्नो करोडपति बाबुआमालाई भनेर सवारी साधन खरिद गरेको हुन्छन् ।

कत्तिले त क्यास तिरेर गाडीमा आफ्नो फोटो टाँस्छन् भने कत्तिले बैंक, फाइनेन्सबाट कर्जा लिएर पनि सवारी साधन खरिद गर्छन् । अटोशोरुम र बैंक फाइनेन्स भनेको एक सिक्काको दुई पाटा जस्तै हुन् । अटोशोरुममा कम रकम लिएर गाडी खरिद आउने ग्राहकहरुलाई अटोशोरुमले नै बैंक, फाइनेन्सको चेयरम्यानलाई घुस खान दिएर लोन पास गर्छन् र गाडी खरिद गर्नेलाई गाडी भिडाएर छाड्छन् । अनि त यसपछिको स्थिति सबैलाई थाहा नै छ । किस्ता तिर्न नसकेपछि त्यही अटोशोरुमले नै गाडी तानेर लग्छन् । यसरी अटोशोरुम र बैंक, फाइनेन्सको मिलोमतोले कत्ति घर न घाटको भएका छन् ।

सवारी साधन हाम्रो राष्ट्रमा बन्दैनन् । सवारी साधनहरु सबै हामी अन्य राष्ट्रबाट आयात गर्नुपर्छ । यसरी अन्य राष्ट्रबाट सवारी साधन आयात गर्दा नेपालको मुद्रा जत्ति सबै अरुको राष्ट्र निर्यात भइरहेको छ । आबश्यकताको लागि नभएर बिलासिताले गर्दा पनि नेपाल निकै घाटामा गइरहेको छ ।

यसरी अन्य राष्ट्रबाट गाडी ल्याउने, आर्थिक चलखेल र राजनितिक आडमा लाइसेन्स दिने, अनि दुर्घटना गराएर नेपाली जनता मार्ने । भएका युबाहरु सवारी दुर्घटनामा मर्छन्, अनि देश विकास चाहि बुढाबुढीले गर्ने । राज्यले एउटा नागरिकप्रति कत्ति लगानी गरेको छ । तर यसरी दैनिक दुर्घटना भएर युबाहरु घाइते हुने र आफ्नो ज्यान गुमाउने हो भने राज्यलाई कत्ति घाटा हुन्छ ।

राज्यको त कुरै छोडौं उसको परिवारकै के हालत हुन्छ, कसैले सोचेको छ ? २०/२५ वर्ष लगाएर, आफुले खाई नखाई पढाएर हुर्काएको छोराछोरीहरुले अब कमाएर ल्याउँछ । भनि आश गरेको बाबुआमालाई छोराछोरी दुर्घटनामा परे भनेर सुन्दा ती बाबु-आमाको मनमा के बित्छ होला ।

अब सरकारले दुर्घटना कम गर्न ठोस कदम चाल्न जरुरी छ । नत्र भए सरकारले पछि गएर निकै ठुलो नोक्सान ब्यबहोर्नुपर्छ । अहिले जथाभाबी बाटो बढाउने काम भइराछ । जसले गर्दा खेतीयोग्यको ह्रास भइरहेको छ । सरकारले प्रभाबकारी निति बनाउन नसक्दा पनि दैनिक सडक दुर्घटना बढिरहेको छ ।

२०५२ फागुन १ गते माओवादीले सरकारलाई ४१ सुत्रीय माग राखे । तर त्यो माग सरकारले मानेन् र २०६२/६३मा जनयुद्ध सुरु भयो । त्यो युद्धमा करिब १७ हजार सर्वसाधारणको ज्यान गुम्यो । तर पछि हाम्रो छिमेकी देशले माओवादी लाई बार्तामा ल्याएर शान्ति सम्झौता गरि युद्धबिराम भयो । माओबादी चुनाव जितेर सरकारमा गयो । नेपाली जनताको लागि खुसी भए किन कि नेपाली जनताको बाँच्न पाउने अधिकार सुनिश्चित हुन्थ्यो । सवारी साधनबाट दैनिक ११ जनाले ज्यान गुमाउदाँ २०६३ सालपछि १७ हजारको डबल ३४ हजारले सवारी साधन दुर्घटनाबाट ज्यान गुमाएका छन् ।

यस विषयमा गुह मन्त्रालय, यातायात मन्त्रालय र सडक बोर्डले नसोंच्दा बर्षौ लाखौको ज्यान गइरहेको छ । अर्थमन्त्रालय पनि राजस्बको पछाडि मात्र भाग्दा पनि दुर्घटनाले बिकराल रुप लिइरहेको छ । अहिले एकजनाको घरमा तीन बटासम्म निजी सवारी साधन छ । सवारी साधन किन्ने र बाटोमा पार्किङ्ग गर्ने । जसले गर्दा ट्राफिक जाम बढेको छ । अब सरकारले लाइसेन्स दिँदा एस.एल.सी पास गरेको र २५ बर्ष नाघेकालाई मात्र लाइसेन्स दिनुपर्छ । यदि कुनै मान्छेको सवारी दुर्घटना भएर ज्यान गयो भने उसलाई क्षतिपुर्ति स्बरुप ३० लाख दिनुपर्ने र त्यस गाडी साहुलाई थुना राख्नुपर्छ । काजकिरिया खच बापत २ लाख रुपैयाँ दिनुपर्छ । भनसुन र आर्थिक चलखेलमा ती ज्यानमाराहरुलाई जेलबाट बाहिर निस्किन दिनुहुदैंन ।

इराकमा अमेरिकी नागरिक संघसंस्थालक्षित आक्रमणहरु लगभग दैनिक रूपमा हुने गरेका स्थानीय समाचार संस्थाहरूले उल्लेख गरेका छन्। इराकमा पछिल्लो समयमा इस्लामिक स्टेट समूहको उपस्थिति बढ्दै गएको बताइएको छ। हाल इराकमा रहेका अमेरिकी सैनिकले इराकी फौजलाई इस्लामिक स्टेट लडाकूकाविरुद्ध लड्न सहयोग गरिरहेका छन्।


### बर्दगोरिया गाउँपालिका
### गाउँ कार्यपालीकाको कार्यालय
### मुडा, कैलाली
सुदुरपश्चिम प्रदेश ,नेपाल

**प्राविधिक प्रस्ताव स्विकृत तथा आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सुचना**

**(प्रकाशित मितिः २०७८/०४/१५ गते)**

यस बर्दगोरिया गाँउपालिका कार्यालयको आ.व. २०७७/०७८ अर्न्तगत ठेक्का न. १८/BRM/NCB/२०७७/०७८ को Construction of Bardagoriya Dham, Bardagoriya Rural Municipality Kailali कार्यका लागि मिति २०७८/०२/२० गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना अनुसार बिद्युतीय खरिद प्रक्रीयामा दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताको प्राविधिक प्रस्ताव मुल्यांकन गर्दा योग्य रहेको देखिएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ) ५ बमोजिम तपसिलमा उल्लेख भएको मिति, स्थान र समयमा आर्थिक प्रस्ताव खोलिने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल :**

| सि.नं. | ठेक्का नम्वर | प्राविधिक प्रस्तावमा उत्तीर्ण वोलपत्रदाता | कैफियत |
|---|---|---|---|
| १ | १८/BRM/NCB/२०७७/०७८ | Sanidev Niman Sewa Pvt. Ltd. | उत्तीर्ण |
| २ | १८/BRM/NCB/२०७७/०७८ | Sunlight Constrution Pvt. Ltd. | उत्तीर्ण |
| ३ | १८/BRM/NCB/२०७७/०७८ | KS Dhubatara JV | उत्तीर्ण |
| ४ | १८/BRM/NCB/२०७७/०७८ | Malika JB JV | उत्तीर्ण |
| ५ | १८/BRM/NCB/२०७७/०७८ | Mellennium Shivakhimti JV | उत्तीर्ण |
| ६ | १८/BRM/NCB/२०७७/०७८ | TDR Jugal Kaushik JV | उत्तीर्ण |

**मिति** :- २०७८/०४/२२ गते
**स्थान** :- बर्दगोरिया गाँउपालिकाको कार्यालय, मुडा कैलाली
**समय** :- दिनको १:०० बजे

**प्रमुख प्रशासकीय अधिकृत**



## साउदीमा रोजगार

१. कम्पनी: AAFAQ AL-EYTRAAF CO. FOR PROVIDING DRINKS L.L.C. शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०४/१४ — चलानी नं.: ६०१६०८२२ — L.T. No.:242861

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्युनतम योग्यता | SR | ने. रु. | ओभर टाईम | ड्युटि समय | हप्तामा बिदा | खाना | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Juice Maker | 3 | 0 | साक्षर | 1400 | ४४,३१० | का.नि. अनुसार | ८ घण्टा | ६ दिन | का.नि. अनुसार | छ | २ वर्ष |

२. कम्पनी: THE CROVER COMPANY BRANCH शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०४/१४ — चलानी नं.: ६०१६०८२३ — L.T. No.:242859

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्युनतम योग्यता | SR | ने. रु. | ओभर टाईम | ड्युटि समय | हप्तामा बिदा | खाना | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 6 | 0 | साक्षर | 1000 | ३१,६५० | का.नि. अनुसार | ८ घण्टा | ६ दिन | का.नि. अनुसार | छ | २ वर्ष |

३. कम्पनी: MOHAMMED FAHAD AL AJMI CONTRACTING EST. शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०७८/०४/१४ — चलानी नं.: ६०१६०८२४ — L.T. No.:242857

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्युनतम योग्यता | SR | ने. रु. | ओभर टाईम | ड्युटि समय | हप्तामा बिदा | खाना | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | All Road Drivers | 12 | 0 | साक्षर | 2500 | ७९,१२५ | का.नि. अनुसार | ८ घण्टा | ६ दिन | का.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा २०७८ साउन २२ गते (6 August 2021) मा हुनेछ।

**Yatra H.R. Solution Pvt. Ltd.**
Gaurighat-7, Kathmandu, Tel: 4114682, 4114683
E-mail: yatrahr2017@gmail.com, Web.: www.yatrahrsolution.com
Gov. Lic No. 1096/073/074

## कतारमा रोजगारको अवसर

कम्पनी: DESERT LINE PROJECTS WLL शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/०३/१३ — चलानी नं.: ६०१४८४५९ — LT. No.: 240441 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्युनतम योग्यता | QR | ने. रु. | ओभर टाईम | ड्युटि समय | हप्तामा बिदा | खाना | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 50 | 0 | सम्बन्धित कामका दक्ष | 1000 | ३२,६०० | का.नि. अनुसार | ८ घण्टा | ६ दिन | का.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Driver | 10 | 0 | | 1900 | ६१,९४० | | | | | | |
| 3. | Carpenter | 25 | 0 | | 1100 | ३५,८६० | | | | | | |
| 4. | Mason | 25 | 0 | | 1100 | ३५,८६० | | | | | | |

अन्तर्वार्ता म्यापावर कार्यालय काठमाडौमा २०७८ साउन २२ गते (6 August 2021) मा हुनेछ।
पि.आई.टी ट्रेनिङ सेन्टर, जनकपुर, धनुषामा साउन २३ गते (7 August 2021) मा हुनेछ।
बि.एम. ट्रेनिङ सेन्टर, जनकपुर, धनुषामा साउन २४ गते (8 August 2021) मा हुनेछ।
रामजानकी ट्रेनिङ सेन्टर, जनकपुर, धनुषामा साउन २४ गते (8 August 2021) मा हुनेछ।
म्यापावर कार्यालय काठमाडौमा २०७८ साउन २६ गते (10 August 2021) मा हुनेछ।
पि.आई.टी ट्रेनिङ सेन्टर, जनकपुर, धनुषामा साउन २७ गते (11 August 2021) मा हुनेछ।
बि.एम. ट्रेनिङ सेन्टर, जनकपुर, धनुषामा साउन २८ गते (12 August 2021) मा हुनेछ।
म्यापावर कार्यालय काठमाडौमा २०७८ साउन २९ र 30 गते (13 & 14 August 2021) मा हुनेछ।
पि.आई.टी ट्रेनिङ सेन्टर, जनकपुर, धनुषामा साउन २२ गते (6 August 2021) मा हुनेछ।

**क्यापिटल इन्टरनेशनल मेनपावर प्रा. लि.**
बसुन्धारा, काठमाडौ, फोन नं.: ४३५७७८२, ४३८४९०, ४३७४९१ ९८५१०९९३००
Email: capital2004@yahoo.com

" Real Happiness Lies in Making Other Happy"



# SUNWAL MUNICIPALITY
## OFFICE OF MUNICIPAL EXECUTIVE
### SUNWAL, NAWALPARASI
**Lumbini Province , Nepal**

## Invitation for Bids–(E-bidding only)

**First Date of publication:30th July, 2021A.D(15th Shrawan, 2078 B.S)**

- **Sunwal MunicipalityOffice of Municipal Executive, Sunwal, Nawalparasi**now invites **E-bidding only** from eligible and qualified bidders for the construction of the following Projects.

| Contract no. | Name of Project | Estimated Amount Including Vat (Nrs.) | Bid Doc. Fee, NRs. | Bid Security Amount, NRs. | Bid Validity Period | Bid Security Validity Period | Bidding Type |
|---|---|---|---|---|---|---|---|
| 01.SUN/ NCB/2078-79 | Bhupu Chowk To Banaha Black Top Road Mantainance | 2033095.86 | 3000.00 | 52,500.00 | Upto 90 Days after Bid Opening | Upto 120 Days after Bid Opening | NCB |
| 02.SUN/ SQ/2078-79 | ShivMandir To Gyan Joyti Black Top Road Maintainance | 929272.03 | 1000.00 | 24,000.00 | Upto 45 Days after Bid Opening | Upto 75 Days after Bid Opening | SQ |
| 03.SUN/ NCB/2078-79 | Milan Tole To Hardiya-2 Black Top Road Maintainance | 2699513.02 | 3000.00 | 69,500.00 | Upto 90 Days after Bid Opening | Upto 120 Days after Bid Opening | NCB |
| 04.SUN/ SQ/2078-79 | Rupauliya To Sakura Black Top Road Maintainance | 599742.82 | 1000.00 | 15,500.00 | Upto 45 Days after Bid Opening | Upto 75 Days after Bid Opening | SQ |

- Eligible bidders may may visit PPMO website www.bolpatra.gov.np/egp.toobtain further information and inspect the bidding documents .
- Bidder should submit their **bid**electrocinally .**Also submission of signed Letter of Bid , along with the copy of company/ firm registration, Business Registration and renew certificate, tax clearance certificate up to FY 2077/ 78** and time extension letter must be submitted in case of previous fy clearance .Information to deposit the cost of bidding document in Bank as spefcified below .

| Information for depositing the cost of bidding document | Information for depositing the cost of Bid Security: |
|---|---|
| Name of the Bank: **NIC ASIA Bank ,Sunwal Branch (AntarikRajaswoKhata)** | Name of the Bank: **NIC ASIA Bank ,Sunwal Branch (Deposit Account)** |
| Office A/C No.: **0962050028279002** | Office A/C No: **96CA500968524004** |

| Contract No: | Bid Submission Date | Bid Opening Deadline |
|---|---|---|
| 01.SUN/NCB/2078-79<br>03.SUN/NCB/2078-79 | 2078/05/14 B.S (2021/08/30 A.D) upto 12:00 pm | 2078/05/14 B.S (2021/08/30 A.D) upto 13:00 hours |
| 02.SUN/SQ/2078-79<br>04.SUN/SQ/2078-79 | 2078/04/31 B.S (2021/08/15 A.D) upto 12:00 pm | 2078/04/31 B.S (2021/08/15 A.D) upto 13:00 hours |
| **PreBid Meeting For Contract No: 01 & 03** | | 2078/05/04 B.S (2021/08/20 A.D) upto 12:00 pm |

- Any conditions not covered so far shall be as per FAR 2056 (Latest Revision), Procurement Act 2063, and Procurement Regulation 2064 (fourth amendment).
- Any amendment in this notice shall be pasted on the notice board of the client's office.
- **SunwalMunicipality,Office of Municipal Executive** reserves the right to accept or reject, wholly or partly, any or all the bids without assigning any reason, whatsoever.

# बक्स अफिस समाचार

चलचित्र निर्माण, अभिनय र निर्देशनमा आफूलाई संलग्न गराउँदै आएकी छन् अभिनेत्री सुभेच्छा थापाले । कुनै समय 'बोल्ड नायिका'को रुपमा चर्चामा रहेकी शुभेच्छा नाम र दामका लागि आफू सफल भएको बताउँछिन् । चलचित्र 'लक्ष्मी रानी'बाट निर्देशनमा डेब्यू गरेकी उनले नेपाली चलचित्र क्षेत्रमा झण्डै दुई दशक बिताइसकेकी छन् । उनले कलाकारिताको सुरुवात रंगमञ्चबाट शुरु गरेकी हुन् । बद्री अधिकारीको टेलिशृंखला 'सहयात्री'बाट उनको औपचारिक कलाकारिता शुरु भएको हो भने नायिकाको भुमिकामा अभिनय गरेको पहिलो चलचित्र 'ध्रुव' हो । त्यस्तै उनले लेखनमा पनि आफूलाई संलग्न गराउँदै आएकी छन् । सबै विधातर्फ संलग्न रहेकी उनी बहुप्रतिभाकी धनी रहेकी छन् । शुभेच्छाले आधा दर्जन चलचित्र निर्माण गरेकी छन् भने दर्जनौं चलचित्रमा अभिनय गरेकी छन् । उनी सबैको रोजाइमा पर्न सफल अभिनेत्री हुन् भने महँगो परिश्रमिक पनि लिने गर्छिन् । यतिबेला नयाँ चलचित्रका लागि तयारीमा रहेकी उनी कोरोना संक्रमणका कारण केही ढिला भएको बताउँछिन् । उनै नेपाली चलचित्रकी लोकप्रिय नायिका शुभेच्छासँग मध्यान्न दैनिकका लागि प्रतिक्षा गौतमले गरेको कुराकानी :



## 'इच्छा र आफूमा खुवी भएमा धेरै कुरा सम्भव हुन्छ'

सुभेच्छा थापा/अभिनेत्री

" म यो क्षेत्रमा बोल्ड नायिकाको रुपमा परिचित रहें । सबैको तारिफले ममा अझ आत्मविश्वास बढ्दै गयो । मैले निर्माण गरेका चलचित्रमा प्राय: सोसियल विषय रहेका छन् । मैले निर्देशन गरेको चलचित्र 'लक्ष्मी रानी' पनि सोसियल चलचित्र नै हो । दर्शक र समाजबाट पनि राम्रै प्रतिक्रिया पाएँ, पाइरहेकी छु ।



**अहिले के गर्दै हुनुहुन्छ ?**

तपाईं हामी सबै यतिबेला कोरोना संक्रमणका कारण आफूलाई सुरक्षित राख्दै काम गर्नु पर्ने अवस्थामा छौं । म पनि सुरक्षाका मापदण्डलाई ख्याल गर्दै केही म्युजिक भिडियोमा अभिनय गरिरहेकी छु । केही सिरियलमा पनि काम गरिरहेको छु । यस्तै हरेक हप्ताको शनिबार आउने पारिवारिक सिरियल 'कुल खानदान'मा पनि अभिनय गरिरहेकी छु । यसको राम्रो प्रतिक्रिया आइरहेको छ । यतिबेला यसको ८८ भाग दर्शकमाझ आइसकेको छ । म निरन्तर छु यसमा । यस्तै कोरोना कहरबीच मैले आफ्नो चलचित्र 'लक्ष्मी रानी' युट्युबमा सार्वजनिक गरें । अहिले नयाँ प्रोजेक्टको तयारी गर्दैछु । त्यसको काम भइरहेको छ । तर, यो कोरोना संक्रमणका कारण फ्लोरमा जान भने सकेको छैन । कोरोना संक्रमण नियन्त्रणका लागि एक मात्र उपाय भनेको यसका विरुद्ध लगाइएको खोप नै हो । यति बेला खोप लगाउने कार्य भइरहेको छ आशा छ छिट्टै नै सहज वातावरण हुने छौं र हामी फेरि छिट्टै नै ठूलो पर्दाको 'एक्सन कट'मा सहभागी हुने छौ । यस्तै यो बीचमा मैले केही समाजिक कार्यमा पनि आफूलाई ब्यस्त बनाउँदै आइरहेकी छु ।

**नेपाली कला क्षेत्रमा यहाँको प्रवेश कसरी भयो, किन आउनुभयो यो क्षेत्रमा ?**

म कला क्षेत्र भनेपछि सानैदेखि नै हुरुक्क हुन्थें । यसमा सानैदेखि लागेकी हुँ म । मेरो आमा गीत संगीत र चलचित्रलाई असाध्यै माया गर्नुहुन्थ्यो । मेरो आमाको प्रेरणाले नै म यो क्षेत्रमा आएँ ।

**रंगमञ्चबाट कलाकारिताको यात्रा सुरूवात गर्नुभयो होइन ?**

हो, मैले मेरो कलाकारिताको सुरुवात रंगमञ्चबाट शुरु गरेकी हुँ । बद्री अधिकारीको टेलिशृंखला 'सहयात्री'बाट मेरो औपचारिक कलाकारिता शुरु भएको हो । मैले नायिकाको भूमिकामा अभिनय गरेको पहिलो चलचित्र 'ध्रुव' हो ।

**यहाँले अभिनयसँगसँगै चलचित्र निर्माणमा पनि हात हाल्नुभयो, निर्देशनमा पनि हुनुहुन्छ होइन ?**

मलाई के लाग्छ यी सबै यही क्षेत्रका विभिन्न पाटा हुन् । म यही क्षेत्रमा छु । यो क्षेत्रबाट अलग भएकी होइन । यो सबै एक अर्कासँग सम्बिन्धित काम नै हुन् । आफूले जानेको, आफूले बुझेको कुरा किन दर्शकमाझ न पस्किने भनेर हात हालेकी हुँ । मैले ६ वटा फिल्म निर्माण गरेँ, त्यसपछि निर्देशन गर्न थालेकी हुँ । अभिनय र निर्माण गर्दै जाँदा निर्देशन पनि गर्न सक्छु भनेर थालेकी हुँ ।

**तपाईंको बोल्ड अभिनयले वाहीवाही बटुल्न सफल थियो भने निर्देशनमा दर्शकको कस्तो प्रतिक्रिया पाउनुभयो ?**

म यो क्षेत्रमा बोल्ड नायिकाको रुपमा परिचित रहें । सबैको तारिफले ममा अझ आत्मविश्वास बढ्दै गयो । मैले निर्माण गरेका चलचित्रमा प्रायः सोसियल विषय रहेका छन् । मैले निर्देशन गरेको चलचित्र 'लक्ष्मी रानी' पनि सोसियल चलचित्र नै हो । दर्शक र समाजबाट पनि राम्रै प्रतिक्रिया पाएँ, पाइरहेकी छु । यो चलचित्र 'लक्ष्मी रानी'बाट पाएको माया, सकरात्मक प्रतिक्रिया, उत्साहले नै अर्को चलचित्र निर्देशन गर्न लागेकी छु ।

**थुप्रै चलचित्रमा अभिनय गर्नुभयो, लेखन कार्यतिर लाग्नुभएको छ भने चलचित्र निर्देशन पनि गर्नुभयो, निर्देशन गर्ने सोच कसरी आयो ?**

लामो समयसम्म यो क्षेत्रमा रहेकी म आफैं अझ राम्रो निर्देशन किन नगर्ने भनेरे लागें । तपाईंले भने जस्तै चलचित्र लेखनमा पनि आफूलाई संलग्न गराएकी छु ।

**धेरै विधातर्फ संलग्न हुनुहुन्छ, सबै विधातर्फ हात हाल्दा कसरी सम्भव हुन्छ ?**

मलाई के लाग्छ भने सबैभन्दा ठूलो कुरा मानिसको इच्छा रहेछ । इच्छा र आफूमा खुवी भएमा धेरै कुरा सम्भव हुन्छ । फेरि एउटै कामका विविध पाटा हुन यी सबै । हामीले साढे दुई घण्टादेखि तीन घण्टा पर्दामा जुन दृश्य देख्छौं त्यो निर्माण गर्नु आफैंमा गाह्रो हो । मैले आफूले निर्देशन गरेको चलचित्रमा अभिनय गरेको छैन । चलचित्रमा निर्देशनको ठूलो जिम्मेवारी हुन्छ । मैले नयाँ कलाकारहरुलाई अवसर दिने गरेकी छु ।


**कतिको गाह्रो रहेछ यो 'एक्सन कट', कति जनालाई अवसर दिनुभयो अहिलेसम्म आउँदा ?**

आफ्नो काम हो, त्यस्तो गाह्रो लाग्दैन मलाई । आफ्नो पेशा हो, काम हो, पूजा हो । शुरुका दिनहरुमा अलिक अप्ठायारो लाग्थ्यो तर काम गर्दै जाँदा सिकिन्छ, सिक्दै जाने कुरा हो । धेरै हुनुहुन्छ । दुर्गेश थापालाई मैले नै चलचित्र 'मखमली'बाट हिरोमा डेब्यू गराएकी हुँ ।

**तपाईं आफैँलाई म सफल अभिनेत्री हो भन्ने लाग्छ ?**

सफलता, असफलता केलाई भन्ने ? मैले अभिनय गरेका चलचित्रले राम्रै सफलता प्राप्त गर्दा निश्चय नै म सफल अभिनेत्री हुँ भन्ने लाग्छ । जसरी मैले अभिनय गरेका चलचित्र मार्फत दर्शकले मलाई बोल्ड अभिनेत्रीको रुपमा चिन्नुभयो, मेरो चर्चा भयो त्यो नै मेरो सफलता होइन र ? मैले दर्शकबाट अपार साथ, माया र हौसला पाएकी छु । यसले मलाई एक खालको सन्तुष्टि दिएको छ । मेरा चलचित्रले सफलता प्राप्त गर्दै गर्दा विभिन्न अवार्ड र सम्मानहरू पाएका छन् ।

## 'थडम'को रिमेकमा आदित्य




काठमाडौं/एजेन्सी- बलिउडमा रिमेकको ट्रेन्ड चलिरहेको समयमा तमिलको सुपरहिट फिल्म 'थडम' को पनि हिन्दी रिमेक निर्माण हुने भएको छ । डेब्यूटेन्ट वर्धनको निर्देशनमा बन्न लागेको रिमेक फिल्ममा अभिनेता आदित्य रोय कपूर लिड रोलमा देखिनेछन् । फिल्ममा उनको दोहोरो भूमिका हुनेछ । उनले आफ्नो अभिनय करिअरमा पहिलो पटक पूरै अलग-अलग दुई चरित्र निर्वाह गर्न लागेका हुन् ।

हालै एक अन्तर्वार्तामा आदित्यले 'थडम' को हिन्दी रिमेकको बारेमा भनेका छन्, 'म यो रोमान्चक स्टोरी सुनेपछि निकै प्रेरित र उत्साहित छु । यसको ओरिजिनल फिल्म निकै इन्टरटेनिङ र रोचक थियो, जसले दर्शकमा आफ्नो गहिरो प्रभाव छाडेको थियो ।' टि-सिरिजका भूषण कुमार र मुराद खेतानीले संयुक्त रुपमा निर्माण गर्ने फिल्मको छायांकन यसै वर्षको सेप्टेम्बरबाट शुरु हुँदैछ ।

तमिल फिल्म 'थडम' सन् २०१९ मा रिलिज भएको थियो । जसमा अरुण विजय, विद्या र तान्या होपे मुख्य भूमिकामा थिए । यो फिल्म एक मर्डरको अनुसन्धानमा आधारित छ, जसको अनुसन्धानको क्रममा पुलिसलाई निकै ठूला समस्या आउँछ । यो केसमा दुई जुड्वा व्यक्ति संदिग्ध बन्छन्, जो एक अर्कासँग पूरै अन्जान हुन्छन् । फिल्म बक्सअफिसमा ब्लकबस्टर सावित भएको थियो ।

ओलम्पिक

# सरस्वतीको दौड आज



**काठमाडौं/मस**–जापानमा जारी टोकियो ओलम्पिकअन्तर्गत नेपाली खेलाडीको अन्तिम प्रतिस्पर्धा शुक्रबार हुँदै छ । ओलम्पिकमा नेपालबाट सहभागी भएका पाँच मध्य चार खेलाडीको प्रतिस्पर्धा भने यसअघि नै सकिएको छ । सबै दोस्रो चरण पार गर्न असफल रहेका थिए । शुक्रबार अन्तिम समयमा एथ्लेटिक्समा सहभागिता जनाएकी सरस्वती चौधरीले नेपालको तर्फबाट महिला १०० मिटरमा चुनौती पेश गर्ने छिन् । उनी दोस्रो हिटमा परेकी छिन् । यो हिटमा साउदी अरेबिया, इरान, ग्वाम, चाइनिज ताइपेई, मोनाको, मलेसिया र लाओसका खेलाडी छन् । आफ्नो हिटमा भएका नौ खेलाडी मध्ये शीर्ष तीनमा पर्न सके सरस्वती दोस्रो चरणमा पुग्ने छिन् । महिला सय मिटरमा तीन वटा हिटमा ९-९ खेलाडी गरी २७ खेलाडीबीच प्रतिस्पर्धा हुनेछ । सय मिटरमा सरस्वतीको उत्कृष्ट टाइमिङ १२:५५ सेकेन्ड हो । दोस्रो हिटमा रहेका सात धाविकाको उत्कृष्ट टाइमिङ सरस्वतीको भन्दा राम्रो छ । सरस्वतीको टाइमिङ साउदी अरेबियाकी खेलाडीको भन्दा मात्र राम्रो रहेको छ ।

सय मिटर दौडमा नेपालको राष्ट्रिय रेकर्ड देवीमाया पनेरूको नाममा छ । उनले सन् १९९९ को साग गेम्समा १२.१९ सेकेण्डमा सय मिटर दौड पूरा गर्दै राष्ट्रिय कीर्तिमान बनाएकी थिइन् ।

# एन्फाको आपत्कालिन बैठक आज

**मध्यान्ह संवाददाता**
ललितपुर, १४ साउन




नेपाली फुटबलको सर्वोच्च निकाय अखिल नेपाल फुटबल संघ एन्फाको आपत्कालिन बैठक शुक्रबार बस्दै छ । पछिल्लो समय नेपाली फुटबलमा देखिएको विवाद र नेपालले आयोजना गर्ने भनिएको साफ च्याम्पियनसिपको विषयमा छलफल गर्ने दुई वटा मुख्य एजेण्डा तय भएका छन् । पछिल्लो समय नेपाली राष्ट्रिय टिमका मुख्य प्रशिक्षक अब्दुल्लाह अल्मुताईरीले सामाजिक सञ्जाल मार्फत राजिनामा दिन लागेको घोषणा गर्दा एन्फाकै वरिष्ठ उपाध्यक्ष पंकज विक्रम नेम्वाङको पनि नाम उल्लेख गरेका थिए । उक्त प्रकरणपछि वरिष्ठ उपाध्यक्ष नेम्वाङले घटनाबारे सत्यतथ्य पत्ता लगाउन माग गर्दै एन्फामा निवेदन दिएका थिए । प्रशिक्षकले आफूलाई विवादमा जोड्नु गलत रहेको दावी नेम्वाङले गर्दै आएका छन् । यसबीचमा विहीबार मुख्य प्रशिक्षक अब्दुल्लाहले पनि यस घटनाबारे सत्यतथ्य छानविन गर्न माग गर्दै एन्फामा निवेदन दिएका छन् । शुक्रबारको बैठकले प्रशिक्षक र वरिष्ठ उपाध्यक्षको विवादको विषयमा निर्णय गर्ने तयारी गरिएको छ ।

अलमुताइरीले आइतबार सामाजिक सञ्जालमार्फत नेम्बाङले पछिल्लो तीन सातादेखि समस्या उत्पन्न गराएको उल्लेख गर्दै आफूले राजीनामा दिन लागेको बताएका थिए । तर, उनले लिखित राजीनामा भने बुझाएका छैनन् । एन्फा अध्यक्ष कर्मा छिरिङ शेर्पाले राजीनामा नदिन र केहि दिन आराम गर्न भनेपछि उनले लिखित राजीनामा नबुझाएको बताइएको थियो ।

अर्कोतर्फ वरिष्ठ उपाध्यक्ष नेम्बाङले भने एन्फाको आउने निर्वाचनलाई प्रभावित गर्नेगरि आफूमाथि आरोप लगाएको बताएका थिए । उनले अलमुताइरीको आरोपका सत्यता नभएको उल्लेख गर्दै एन्फा केन्द्रिय समितिको बैठक माग गरेका छन् । एन्फाले अनौपचारिक रुपमा नेम्बाङ र अमुताइरीकाबीचमा सहमतिका लागि गरिएको प्रयास पनि सफल भएको बुझिएको छ ।

यसैगरी बंगलादेशले साफ च्याम्पियनसिप गर्न नसक्ने भने पछि नेपालमा साफ गर्नुका लागि एन्फाले तयारी गरिरहेको छ । तर, त्यसका प्रक्रिया र कोरोना महामारीका कारण बन्द रंगशालामा प्रतियोगिता गर्नु पर्ने अवस्था आएमा त्यसको सम्भावित आर्थिक जोखिम बहन गर्ने विषयमा पनि बैठकले निर्णय गर्नुपर्ने छ ।

# क्रिकेटको बन्द प्रशिक्षण अर्को साता



**काठमाडौं/मस**– नेपाली राष्ट्रिय क्रिकेट टिमको बन्द प्रशिक्षण अर्को सातादेखि शुरुहुने भएको छ । सेप्टेम्बरमा ओमानमा आयोजना हुने भनिएको त्रिकोणात्मक सिरिजका लागि नेपाली टिमको बन्द प्रशिक्षण शुरुहुने छ । बन्द प्रशिक्षणका लागि विदामा रहेका नेपाली क्रिकेट टिमका प्रशिक्षक डेभ ह्वाटमोर नेपाल आइपुगेका छन् ।

प्रशिक्षक नेपाल आएपछि अर्को सातावाट राष्ट्रिय टिमको क्याम्प शुरु गरिने यसअघि नै नेपाल क्रिकेट संघ क्यानले जनाएको थियो ।

यसअघि स्पेनमा हुने भनिएको आईसीसी विश्वकप क्रिकेट लिग टु को अन्तिम समयमा स्थगित भएपछि प्रशिक्षण रोकिएको थियो । त्यसपछि ह्वाटमोर श्रीलंका फर्किएका थिए ।

तर क्यानले अगष्टको पहिलो सातावाट प्रशिक्षण गर्ने भएपछि ह्वाटमोर दुई दिन अगाडि काठमाडौं आइपुगेका हुन् । उनको शुक्रबार पीसीआर परिक्षण हुनेछ । त्यसपछि टिमको क्याम्पमा सहभागि हुने छन् । क्यानले क्याम्पका लागि यसअघि बोलाएका खेलाडीलाई नै राख्ने तयारी गरेको छ ।

# फुटसल सञ्चालन गर्ने निर्णय



**काठमाडौं/मस**– नेपाल फुटसल व्यवसायी संघले गत बैशाखदेखि बन्द रहेको फुटसल सञ्चालन गर्ने निर्णय गरेको छ । फुटसल व्यवसायीहरुको छाता संगठनले बिहीवार एक विज्ञप्ति जारी गर्दै कोरोना भाइरस (कोभिड-१९) को महामारीपछि निषेधाज्ञा गर्दा बन्द रहेको फुटसल खोल्ने निर्णय गरेको संघका अध्यक्ष राज महर्जन र महासचिव मदन कोइरालाले जारी गरेको विज्ञप्तिमा जनाइएको छ ।

अहिले निषेधाज्ञा पनि खुकुलो बनाएको अवस्थामा बन्द रहेको फुटसल सञ्चालनको लागि संघले जिल्ला प्रशासन कार्यालयमार्फत सावधानि अपनाई खेल सञ्चालनको अनुमतिका लागि ज्ञापन पत्र बुझाएको थियो । ज्ञापन पत्रमा सरकारबाट कुनै पनि जवाफ नपाएको संघले बाध्य भएर बिहीबारदेखि सावधानी अपनाई फुटसल सञ्चालन गर्न बाध्य भएको विज्ञप्तिमा उल्लेख छ । 'सरकारले यस क्षेत्रमा ध्यान नदिदा जग्गाको भाडा, बैंकको ब्याज, कर्मचारीको पारिश्रमिकले यस क्षेत्रको व्यवसायीलाई सताएको छ ।' संघले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'यसतर्फ सरकारको ध्यान जाओस् । हामी व्यवसायी बाध्य भएर बिहीबारबाट सावधानी अपनाई खेल संचालन गर्न बाध्य भएका छौं ।'

नेपाल सरकारले होटल, रेष्टुरेन्ट, सार्वजनिक यातायात लगायत भिडभाड हुने क्षेत्रलाई खोल्ने निर्णय गरे पनि समूहमा खेलिने खेल र गतिविधि गर्न भने लगाएको प्रतिबन्ध अझैं कायमै छ । सरकारले काठमाडौं उपत्यकामा २० साउनसम्म निषेधाज्ञा लम्ब्याएको छ ।

# ओलम्पिकमा ५७ वर्ष 'सहभागितामा सीमित'



**शेरबहादुर सिंह/रासस**
महेन्द्रनगर, १४ साउन

खेलकूदको महाकुम्भ हो ओलम्पिक । यसैले हरेक खेलाडीको ओलम्पिक खेल्ने सपना हुन्छ । यसमा सहभागी हुने मात्र खेलाडीको इच्छा हुन्न । सहभागिता जनाउने खेलाडी हरसम्भव पदक चुम्ने प्रयास गर्छ । सपना देख्दैमा र इच्छा हुँदैमा पदक प्राप्त गर्न भने सम्भव छैन ।

खेलाडीको आफ्नो मेहनतले मात्र पदक पाउन कठिन छ । यसका लागि राज्यको लगानी आवश्यक छ । नेपाली खेलाडीले सन् १९६४ को टोकियो ओलम्पिकदेखि सहभागिता जनाउन थालेका हुन् । हालसम्म नेपाली खेलाडीले पदक प्राप्त गर्न भने सकेका छैनन् । ओलम्पिक सहभागितामा मात्र सीमित बनेको छ । सन् १९८८ को दक्षिण कोरियाको सिउलमा भएको ओलम्पिकमा सहभागी कञ्चनपुरका बक्सर विष्णुबहादुर सिंहले भने एउटा बाउट जितेका थिए । सो ओलम्पिकमा उनीसँगै डम्बरदत्त भट्ट पनि सहभागी थिए । हाल सुदूरपश्चिम खेलकुद प्रशिक्षण विभागको नेतृत्वमा रहेका ओलम्पियन सिंहले सिउल ओलम्पिकमा पाराग्वेका खेलाडीलाई पराजित गरेका थिए ।

सोही संस्करणमा सहभागी तेक्वान्दोका खेलाडी विधान लामाले कास्य पदक जिते पनि त्यो बेला तेक्वान्दो प्रदर्शनी खेलका रुपमा मात्र समावेश भएकाले त्यसले पदकको मान्यता पाउन सकेन् ।

बक्सिङका वरिष्ठ प्रशिक्षक एवं ओलम्पियन विष्णुबहादुर सिंहले सिउल ओलम्पिकमा पहिलो खेल पाराग्वेका खेलाडीलाई पराजित गरेका थिए । 'दोस्रो खेल अमेरिकासित परेको थियो', उनले भने, 'खेल्दै गर्दा दोस्रो राउण्डमा रेफ्रीले खेल नै रोके ।' उनले दोस्रो खेलमा रेफ्री अलमलमा पर्दा आफ्नो खेल अधुरैमा रोकिएको बताए। 'रिङको कर्नरमा लगेर प्रहार गरिरहेको थिए ।' उनले भने, 'रेफ्रीले मलाई खेल्न नसक्ने भन्दै खेल नै रोके ।'

उनले ओलम्पिकमा सहभागी हुनुपुर्व दुई महिना थाइल्याण्डमा बन्द प्रशिक्षणमा बसेको बताए । 'नेपालबाट बन्द प्रशिक्षणका लागि बक्सिङ खेलका सात जना गएका थियौं', सिंहले भने, 'दुई जना खेलाडीको स्तर नपुगेको भन्दै नेपाल फर्कादिएको थियो ।' उनले नेपाली खेलाडीले पदक जित्ने आशा लिए पनि स्तर भने नपुगेको बताए ।

'अरुहरुको चार वर्षे, आठ वर्षे तालिम योजनासहित खेलाडी प्रशिक्षणमा हुन्छन्', उनले भने, 'हाम्रो तालिमको स्तर नै पुग्दैन ।' उनले खेलाडीलाई वैदेशिक प्रशिक्षण तथा अन्तरराष्ट्रियस्तरका प्रतियोगितामा सहभागी गराइराख्नुपर्नेमा जोड दिए । 'हरेक खेलाडीले ओलम्पिक खेल्ने चाहना राख्नसक्छन्', सिंहले भने, 'तर बक्सिङमा हामीपछि अहिलेसम्म नेपाली बक्सर पुग्न सकेका छैनन ।' यसैगरी डडेल्लधुराकी सरस्वती भट्टराई रियो ओलम्पिकमा एथ्लेटिक्समा सहभागी भएकी थिइन् ।


**ताल संगीत बिद्यालय प्रा.लि.**

**कम्पनीको दर्ता खारेजी सम्बन्धी लिक्वीडेटरको सूचना**

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वरमा मिति २०६२/०४/०४ मा दर्ता भएको प्रा.लि. नं. ३५२९१/०६२/६३ को ताल संगीत बिद्यालय प्रा.लि. को संचालकहरुको मिति २०७८/०४/०१ मा बसेको विशेष साधारण सभाले स्वेच्छिक रुपमा कम्पनी खारेजी (लिक्वडेशन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीसंग कोही कसैको कुनै बाँकी वक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सवुद प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफै वा प्रतिनिधि मार्फत हकदाबी गर्न निम्न लिखित लिक्वडेटरको कार्यालयमा सम्पर्क राख्न हुन सूचित गरिन्छ ।

**सरोज दाहाल**
**दामासाही व्यवसायी**
**इजाजत नं. ३५३**

**प्रतीक ल फर्म**
**भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा. ९, वोडे**
**मोबाइल नं. : ९८५१२११००२**



**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७०/०४/३० मा दर्ता भएको **प्रा.लि. नं. ११५२१३** को **सिजन ईन्टरनेशनल प्रि-स्कुल प्रा.लि.**को मिति २०७८/०४/१४ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं.** २८७,
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं.** ९८४१३४०४०३
**ईमेल :** rokayasherbahadur723@gmail.com



**कतारको APPAREL GROUP मा रोजगार** | कम्पनी: APPAREL QATAR WLL, शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/03/06 | चलानी नं.: ६०१५८९०८ | LT. No.: 241134 | पुन विज्ञापन

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | [illegible] | मासिक तलब QR | ने.रु. | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 2 | 0 | [illegible] | 1000 | ३२,६०० | का.नि. अनुसार | ८ घण्टा | ६ दिन | का.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Bellman | 2 | 0 | | 1000 | ३२,६०० | | | | | | | |
| 3. | Labourer | 6 | 0 | | 1000 | ३२,६०० | | | | | | | |
| 4. | Salesman | 6 | 0 | | 1300 | ४२,३८० | | | | | | | |
| 5. | Foreman | 1 | 0 | | 2500 | ८१,५०० | | | | | | | |
| 6. | Driver | 2 | 0 | | 1400 | ४५,६४० | | | | | | | |
| 7. | Cashier | 4 | 6 | | 1300 | ४२,३८० | | | | | | | |
| 8. | Business Excecutive | 2 | 0 | | 2500 | ८१,५०० | | | | | | | |
| 9. | Gen Product Worker | 1 | 0 | | 1000 | ३२,६०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन २२ गते (6 Aug. 2021) मा हुनेछ ।

**Link International Placement Service Pvt.ltd.**
Tokha-10, Prayasnagar, Samakhusi, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158



**साउदीमा रोजगार**

१. कम्पनी: Hammer Head For General Contracting Est. | शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०७८/०४/१४ | चलानी नं.: ६०१६०८४४ | L.T. No.: 243191

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | [illegible] | मासिक तलब SR | ने.रु. | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 3 | 0 | [illegible] | 1800 | ५६,८७० | का.नि. अनुसार | ८ घण्टा | ६ दिन | का.नि. अनुसार | छ | २ वर्ष |

२. कम्पनी: Salem Balhamer General Construction Co. Lt. | शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०७८/०४/१४ | चलानी नं.: ६०१६०८४५ | L.T. No.: 242911

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | [illegible] | मासिक तलब SR | ने.रु. | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Factor | 1 | 0 | [illegible] | 1000 | ३१,५९० | का.नि. अनुसार | ८ घण्टा | ६ दिन | का.नि. अनुसार | छ | २ वर्ष |
| 2. | General Plumber | 1 | 0 | | 1300 | ४१,०६७ | | | | | | |
| 3. | Melissa | 1 | 0 | | 1300 | ४१,०६७ | | | | | | |

३. कम्पनी: Sarah Khuzam Nasser Al-Buqami Factory for Industry | शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०४/१४ | चलानी नं.: ६०१६०८३९ | L.T. No.: 243326

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | [illegible] | मासिक तलब SR | ने.रु. | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 4 | 0 | [illegible] | 1800 | ५६,८७० | का.नि. अनुसार | ८ घण्टा | ६ दिन | का.नि. अनुसार | छ | २ वर्ष |

३. कम्पनी: CONTRACTORS UNION CO. | शहर: KSA
पूर्व स्वीकृत मिति: २०७८/०४/१४ | चलानी नं.: ६०१६०८४१ | L.T. No.: 243193

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | [illegible] | मासिक तलब SR | ने.रु. | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 8 | 0 | [illegible] | 1800 | ५६,८७० | का.नि. अनुसार | ८ घण्टा | ६ दिन | का.नि. अनुसार | छ | २ वर्ष |

४. कम्पनी: Bashaer Al-Manteka Contracting Est. | शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०७८/०४/१४ | चलानी नं.: ६०१६०८४३ | L.T. No.: 243192

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | [illegible] | मासिक तलब QR | ने.रु. | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 5 | 0 | [illegible] | 1000 | ३१,५९० | का.नि. अनुसार | ८ घण्टा | ६ दिन | का.नि. अनुसार | छ | २ वर्ष |
| 2. | General Building Carpenter | 4 | 0 | | 1300 | ४१,०६७ | | | | | | |
| 3. | Building Electrician | 1 | 0 | | 1300 | ४१,०६७ | | | | | | |
| 4. | Blacksmith Arming Building | 2 | 0 | | 1300 | ४१,०६७ | | | | | | |
| 5. | Gypsum Worker | 2 | 0 | | 1300 | ४१,०६७ | | | | | | |
| 6. | Building Paint | 2 | 0 | | 1300 | ४१,०६७ | | | | | | |
| 7. | Melissa | 2 | 0 | | 1300 | ४१,०६७ | | | | | | |
| 8. | Tile Marble | 2 | 0 | | 1300 | ४१,०६७ | | | | | | |
| 9. | General Plumber | 1 | 0 | | 1300 | ४१,०६७ | | | | | | |

५. कम्पनी: Tahoos Logistics And Petroleum Services | शहर: SAUDI ARABIA
पूर्व स्वीकृत मिति: २०७८/०४/१४ | चलानी नं.: ६०१६०८४६ | L.T. No.: 243161

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | [illegible] | मासिक तलब SR | ने.रु. | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 10 | 0 | [illegible] | 1800 | ५६,८७० | का.नि. अनुसार | ८ घण्टा | ६ दिन | का.नि. अनुसार | छ | २ वर्ष |

६. कम्पनी: Salem Balhamer Plastic Factory Company Ltd. | शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०७८/०४/१४ | चलानी नं.: ६०१६०८४७ | L.T. No.: 242908

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | [illegible] | मासिक तलब SR | ने.रु. | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 1 | 0 | [illegible] | 1100 | ३४,७४९ | का.नि. अनुसार | ८ घण्टा | ६ दिन | का.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Plastic Injection Machine Operator | 2 | 0 | | 2200 | ६९,४९८ | | | | | | |
| 3. | Fixed Machine Operator | 1 | 0 | | 2022 | ६३,८७६ | | | | | | |

७. कम्पनी: Al Majwal Co Trading And Contracting | शहर: SAUDI ARABIA
पूर्व स्वीकृत मिति: २०७८/०४/१४ | चलानी नं.: ६०१६०८४८ | L.T. No.: 242907

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | [illegible] | मासिक तलब SR | ने.रु. | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Welding General | 2 | 0 | [illegible] | 1300 | ४१,०६७ | का.नि. अनुसार | ८ घण्टा | ६ दिन | का.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७८ साउन २२ गते (6 August 2021) मा हुनेछ ।

**ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.**
कालिमाटीडोल, एयरपोर्टको नजिक, काठमाडौं, नेपाल फोन नं. ४४७६११४, ४४७६११७
mobile : 9801030555, 9843276628
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np

# अन्योलमा मौद्रिक नीति

■ केन्द्रीय बैंक भन्छ – बजेटका लागि रोकियो ■अर्थमन्त्री भन्छन् – मैले रोकेको होइन

**हरिप्रसाद अर्याल/मध्यान्ह**
काठमाडौं, १४ साउन ।

अर्थमन्त्रालयको जिम्मेवारीमा आएसँगै अर्थमन्त्री जनार्दन शर्मा साउन १ मा पत्रकारसँगको छलफलमा मौद्रिक नीति सार्वजनिक हुन ढिलाई हुने बताएका थिए । उनले तत्कालिन सरकारले ल्याएको बजेट संशोधन हुने संकेत गर्दै सार्वजनिक गरिन लागेको मौद्रिक नीति परिमार्जनपश्चात मात्रै आउने बताएका थिए ।

'सबै क्षेत्रका मागहरु छन्, ती सबै कुरा मौद्रिक नीतिमा समावेश हुनुपर्छ भन्ने छ, त्यसमा हामी छलफलमा जुटेका छौं', शर्माले भनेका थिए, ' त्यो छलफलपछि मात्रै मौद्रिक नीति आउने छ ।'

तर, बिहीबार आर्थिक पत्रकार संघ (नाफिज)सँगको छलफल कार्यक्रममा बोल्दै अर्थमन्त्री शर्माले मौद्रिक नीतिलाई आफुँले नरोकेको बताएका छन् । आफुँले सुझाब मात्र दिएको भन्दै राष्ट्र बैंकले स्वतन्त्र हिसाबले ल्याउन सक्ने बताए ।

'राष्ट्र बैंक आफैमा स्वायत्त संस्था हो, मौद्रिक नीति कहिले ल्याउने भन्ने कुरा राष्ट्र बैंककै हो' शर्माले भनेका थिए, 'मैले गभर्नरसापलाई मेरो यी हुन् सुझाब भनेर केही सुझाबहरु मात्रै दिएको छु, मैले रोक्नुस् भनेर निर्देशन दिएको छैन ।'

उनले नागरिकलाई अप्ठ्यारो हुने अवस्था हुन नहुने बताए ।



### 'बजेट स्पष्ट नभई मौद्रिक नीति आउँदैन'

राष्ट्र बैंकका सहायक प्रवक्ता नारायणप्रसाद पोखरेलका अनुसार बजेटको विषय स्पष्ट नभएको कारण मौद्रिक नीति सार्वजनिक हुन ढिलाई भएको बताए । उनका अनुसार बजेटसँग तादाम्यता नमिलाई मौद्रिक नीति ल्याउन मिल्ने अवस्था रहन्न ।

'हतार गर्दा बजेटले के-कस्तो दिशा निर्देश गर्छ थाहा हुँदैन, विशेष गरि मौद्रिक नीति र बजेट मिल्नुपर्छ, आर्थिक बृद्धि कति ? मुद्रा स्फ्रीति कति ? आन्तरिक ऋण परिचालन कति हुने ? कुल ऋण परिचालन कति हुने ? यस्ता कुराहरु हामी सजग रहनुपर्ने पर्छ', पोखरेलले भनेका छन्, 'यी सबै विषय हुने गरि राष्ट्र बैंक तयारीमा जुटेको छ । मौद्रिक नीति र बजेटको तादाम्यता मिल्नुपर्छ ।'

पोखरेलका अनुसार आर्थिक वर्ष ०७७/०७८ का लागि ल्याइएको मौद्रिक नीतिको अधिनमा रहने गरि बैंक तथा वित्तीय संस्थाहरुलाई निर्देशन गरिएको हुँदा नीति नहुँदाकै कारण समस्या भने सिर्जना भएको छैन् । उनले भनेका छन्, 'ढिलाई भएको कारण मौद्रिक नीतिको भ्याकुम भयो, ग्याप भयो भन्न त मिल्दैन, हामीले बैंक तथा वित्तीय संस्थाहरुलाई अघिल्लो मौद्रिक नीतिको अधिनमा रहेर परिस्थितिलाई सहज पार्नको लागि सर्कुलर जारी गरिसकेका छौं ।'

### बजेट परिमार्जन भए नीति संशोधन गर्न मिल्छ

मौद्रिक नीति सार्वजनिकमा ढिलाई गरिनु आवश्यक नहुने कतिपयको तर्क छ । कतिपय अर्थशास्त्री बजेट परिमार्जन भएमा मौद्रिक नीति पनि संशोधन गर्न सकिने बताउँछन् ।

अर्थशास्त्रीका अनुसार पूर्ववर्ती सरकारले ल्याएको बजेट कार्यान्वयनमा गईसकेको हुनाले बजेटलाई सहजीकरण गर्न पनि मौद्रिक नीति छिटो ल्याउनु पर्ने तर्क गर्दछन् ।

अनाधिकृत शेयर खरिद प्रकरण

# नेप्सेलाई अर्थले सोध्यो स्पष्टीकरण



**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ साउन ।

अनाधिकृतरुपमा शेयर खरीद गरेको भन्ने विवरण सार्वजनिक भएपछि अर्थ मन्त्रालयले नेपाल स्टक एक्सचेञ्जलाई स्पष्टीकरण सोधेको छ । अर्थ मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखाले नेप्सेलाई स्पष्टीकरण सोधेको हो ।

धितोपत्रलाई पठाइएको पत्रमा विभिन्न सञ्चारमाध्यममा बोर्डसँग सम्बन्धित समाचार प्रकाशन भएकोमा मन्त्रालयको ध्यानाकर्षण भएको उल्लेख गर्दै तीन दिनभित्र कारण स्पष्ट पार्न भनिएको छ । 'सञ्चारमाध्यममा आएका विषयवस्तुको सम्बन्धमा सत्य, तथ्य यथार्थता के हो, सोको स्पष्ट र तथ्यपरक विवरण तीन दिनभित्र मन्त्रालयमा उपलब्ध गराउन आदेशानुसार अनुरोध गरिएको छ', पत्रमा उल्लेख छ ।

धितोपत्र बजारको नियामक संस्था बोर्डका अध्यक्ष भीष्मराज ढुंगानाले व्यक्तिगत लाभका लागि पदीय मर्यादा विपरीत काम गरेको समाचार हिमालखबर डटकमले सार्वजनिक गरेको थियो । समाचारमा ढुंगानाले बुक बिल्डिङ विधिमार्फत् धितोपत्र निष्कासनको तयारी गरिरहेको सर्वोत्तम सिमेन्टको ११ हजार ९९२ कित्ता सेयर छोरीको नाममा राखेको भेटिएको उल्लेख थियो ।

साधारण शेयर बिक्री गर्न लागेको एक कम्पनीको शेयर नेप्सेका प्रमुख कार्यकारी अधिकृत चन्द्रसिंह साउदको परिवारले खरीद गरेको पाइएपछि मन्त्रालयले आज स्पष्टीकरण सोधेको छ ।

मन्त्रालयले विभिन्न सञ्चारमाध्यमा आएका विभिन्न विषयवस्तुको सम्बन्धमा सत्यतथ्य यथार्थता के हो ? सोको स्पष्ट र तथ्यपरक विवरण तीन दिनभित्र यस मन्त्रालयमा उपलब्ध गराइदिन भनिएको छ। मन्त्रालयले आजै नेपाल धितोपत्र बोर्डलाई पनि सोही बेहोराको पत्र लेख्दै स्पष्टीकरण सोधेको थियो ।

# हिमालयन र इन्भेष्टमेन्टको एकीकृत कारोबार दशैं अगाडि

काठमाडौं/मस- हिमालयन र नेपाल इन्भेष्टमेन्ट बैंकको एकिकृत कारोबार असोजदेखि हुने भएको छ। यसअघि असार मसान्तभित्रै एकिकृत कारोबार हुने भनिए पनि अब असोजमा मात्रै एकिकृत कारोबार हुने भएको हो । विश्व महामारीका रुपमा फैलिएको कोरोना भाइरसको कारण गर्नु पर्ने धेरै कामहरुको तयारी नपुगेको भन्दै दुवै बैंकको सहमतिमा असोजमा मात्रै एकिकृत कारोबार हुने भएको बताइएको छ ।

हिमालयन बैंक स्रोतका अनुसार यसअघि असार मसान्तभित्रै दुवै बैंकको एकिकृत कारोबार गर्ने तयारी भएपनि दोस्रो चरणको निषेधाज्ञाको कारण एकिकृत कारोबार धकलिएको हो । 'हामीले असार मसान्तभित्रै एकिकृत कारोबार गर्ने किसिमले काम गरिरहेका थियौं, त्यही किसिमले काम पनि भइरहेको थियो, कोरोनाको कारण निषेधाज्ञा पनि लम्बियो, अहिले पनि असहज परिस्थिति नै छ, अब असोज (सेप्टेम्बर) देखि एकिकृत कारोबार गर्ने तयारी गरिरहेका छौं,' स्रोतले भन्यो ।

उनका अनुसार मर्जरका लागि नेपाल राष्ट्र बैंकबाट अन्तिम स्वीकृति पाउन पनि बाँकी छ । हिमालयन बैंक र नेपाल इन्भेष्टमेण्ट बैंकबीच गत बैशाख ३० गते मर्जरको सम्झौता भएको थियो। दुइटै बैंकले मर्जरपछि बैंकको नाम 'हिमालयन एण्ड नेपाल इन्भेष्टमेण्ट बैंक लि' राख्ने सहमति गरेका छन् ।मर्जरमा भएको सम्झौताअनुसार बैंकको संचालक समितिको अध्यक्षमा पृथ्वी बहादुर पाँडे र प्रमुख कार्यकारी अधिकृत (सीईओ) अशोक शमसेर राणा बन्ने सम्झौता भइसकेको छ ।

मर्जरपछि हिमालयन एण्ड नेपाल इन्भेष्टमेण्ट बैंकको संचालक समितिमा दुबै बैंकको तर्फबाट ३/३ जना संचालक नियुक्त हुने र नयाँ संचालक समितिले स्वतन्त्र संचालकको नियुक्ति गरी जम्मा ७ जनाको संचालक समिति बनाउने समझदारी गरेको छ ।

# रिलायन्सले दियो सर्जन विकको परिवारलाई साढे दुई करोड रुपैयाँको मृत्यु दाबी भुक्तानी

**लक्ष्मण पाण्डे / मध्यान्ह**
डडेल्धुरा, १४ साउन ।

रिलायन्स लाइफ इन्स्योरेन्स कम्पनीले बीमित सर्जन विकको परिवारलाई दुई करोड ५० लाख रुपैयाँ मृत्यु दाबी भुक्तानी गरेको छ । बुधबार एक कार्यक्रमका बिच बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवालले विकको श्रीमती सपना मल्ललाई साढे दुई करोड रुपैयाँको चेक हस्तान्तरण गरेका हुन् । बीमित विकको २०७८ बैशाख २ गते राति ११ बजे सवारी दुर्घटनामा परि उपचारका क्रममा मृत्यु भएको थियो ।

विकले २०७७ फागुन २७ गते एक करोड २० लाख रुपैयाँ बीमाङ्क बरारबरको 'रिलायन्स सीमित भुक्तानी सावधिक जीवन बीमालेख' खरिद गरेका थिए। योसँगै विकले ३० लाख रुपैयाँ बीमाङ्क बराबरको टर्म पोलिसी खरिद गरेका थिए। टर्म पोलिसीको दुर्घटना जोखिम बापत ६० लाख



रुपैयाँको दाबी प्राप्त गरेका छन् । त्यस्तै एक करोड २० लाख रुपैयाँ बराबरको सावधिक जीवन बीमा बापत एक लाख रुपैयाँ बीमाङ्क र अतिरिक्त जोखिम बहन बापत ७० लाख रुपैयाँसहित उनको परिवारले २ करोड ५० लाख रुपैयाँ दाबी प्राप्त गरेको हो । बीमित विकले २० वर्ष अवधि राखेर सावधिक जीवन बीमा योजना खरिद गरेका थिए।

उक्त बीमा पोलिसी खरिद गर्ने क्रममा उनले ५ लाख २२ हजार ८८० रुपैयाँ प्रथम बीमा शुल्क भुक्तानी गरेका थिए । त्यस्तै ३० लाख बीमाङ्कको टर्म पोलिसी ५ वर्ष अवधिको खरिद गरेका थिए । यो पोलिसीको प्रथम बीमा शुल्क १० हजार ३५० रुपैयाँ भुक्तानी गरेका थिए । दुई वटा पोलिसीको एकै पटक दाबी भुक्तानी गरिएको हो ।

बीमा समितिका अध्यक्ष सिलवाले कम्पनीहरुले दाबी भुक्तानी गर्दैनन् भन्ने सन्देशलाई चिर्दै समयमै दाबी भुक्तानी गरेकोमा धन्यवाद दिए । सञ्चार माध्यमले सधैं बीमा कम्पनीहरुलाई दाबी भुक्तानी नगरेको भन्दै आरोप लगाउने गरेको भन्दै सिलवालले सम्पुर्ण कम्पनीहरुलाई करारअनुसार दाबी भुक्तानी गर्न निर्देशन पनि यसै कार्यक्रमबाट दिएका छन् ।

बीमा कम्पनीहरुले अण्डरराइटिङमा विचार नपुऱ्याउँदा दाबी भुक्तानीमा समस्या देखिएकाले सम्पुर्ण प्रकृया पुरा गरेर मात्रै बीमा गर्न सिलवालले अनुरोध गरेका छन् । उनले बीमा गराउने अभिकर्ताले बीमितलाई स्पष्टसँग बीमा गर्दा के-के सर्तहरु रहेका छन् र बीमितले पाउने कुराहरु के-के हुन् भनेर अनिवार्य रुपमा जानकारी गराएर बीमा गराउँदा मृत्यु दाबीमा इच्छाएको व्यक्तिलाई आवश्यक कागजात बनाउन गाह्रो नहुने बताए ।

# सिप्रदी र शिखर इन्स्योरेन्सबीच अटो प्लस सम्झौता




काठमाडौं/मस- टाटा मोटर्सको नेपालका लागि एकमात्र आधिकारिक वितरक सिप्रदी ट्रेडिङ्ग प्रा. लि. र शिखर इन्स्योरेन्स कम्पनीबीच अटो प्लसमा सम्झौता भएको छ। उक्त सम्झौतापत्रमा सिप्रदी ट्रेडिङ्गको तर्फबाट संस्थाका उप-सभापति सौरव राज थपलिया र शिखर ईन्स्योरेन्सको तर्फबाट संस्थाका प्रमुख कार्यकारी अधिकृत दिपप्रकाश पाण्डेले संयुक्त रुपमा हस्ताक्षर गरेका हुन् ।

अटो प्लस सम्झौतामा टाटा मोर्टसद्धारा उत्पादित गाडीहरु जस्तै टाटा योद्धा, टाटा एस र टाटा इन्ट्रामा लागु हुनेछ । यस अटो प्लस स्कीममा सवारी साधन दर्ता भएको मितिबाट ५ वर्षसम्म लागू हुनेछ । साथै, यो स्कीम ब्यापक मोटर बीमा पोलिसीमा मात्र लागू हुनेछ । जस अन्तर्गत शुन्य ह्रासकट्टी, गाडी मर्मत गर्न लाग्ने १५ दिनसम्म टाटा योद्धाको लागि दैनिक भाडादर ३ हजार रुपैयाँ र टाटा एस/टाटा इन्ट्राका लागि भाडादर एक हजार ५०० रुपैयाँ प्रतिपूर्ति दिनुका साथै नयाँ गाडी प्रतिस्थापन योजना लगाएतका फाईदाहरु रहेका छन् ।

यो योजनामा सहभागी हुनका लागि ग्राहकहरुले दुर्घटना भएको अवस्थामा सिप्रदी ट्रेडिङ्गको जुनसुकै आधिकारिक सर्भिस सेन्टरमा गएर गाडी मर्मत तथा बीमा दावी गर्न सक्नेछन् ।

विज्ञापन रकम भुक्तानीबारे
अत्यन्त जरुरी सूचना

यस **मध्यान्ह मिडिया प्रा.लि.**मार्फत विभिन्न पत्र पत्रिकामा विज्ञापन प्रकाशन गरी कारोबार गर्दै आउनुभएका केही **विज्ञापनदाताहरुले** विज्ञापन प्रकाशित गरे बापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०७८ साउन १५ गते**भित्र भुक्तानी गर्नुहुन पुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्यौट तथा मिलान नगरिएमा यस **मध्यान्ह मिडिया प्रा.लि.** को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुविधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तन नगर्ने कम्पनी/संस्थाहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्वाही समेत अगाडी बढाइने ब्यहोरा यसै सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**

**मध्यान्ह मिडिया प्रा.लि.**
बागबजार, काठमाडौं
फोन नं. : ४२२६३६६, ४२२८२९८

विज्ञापन रकम भुक्तानीबारे
अत्यन्त जरुरी सूचना

यस **मध्यान्ह राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका केही **विज्ञापन एजेन्सी** तथा अन्य **विज्ञापनदाताहरुले** विज्ञापन प्रकाशित गरे बापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०७८ साउन १५ गते**भित्र भुक्तानी गर्नुहुन पुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्यौट तथा मिलान नगरिएमा यस **मध्यान्ह राष्ट्रिय दैनिक** को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध नगराइएको सुविधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तन नगर्ने कम्पनी/संस्थाहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्वाही अगाडि बढाइने ब्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**

**मध्यान्ह**
Madhyanha Daily दैनिक

बागबजार, काठमाडौं, फोन नं. : ४२२६३६६, ४२२८२९८
Email: madhyanhadaily59@gmail.com, madhyanhadaily59@yahoo.com

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**